# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः २०७५/७६

मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय**

पत्र संख्या: २०७५।७६

च. नं.

मिति: २०७५।१२।११

श्री प्रमुखज्यू,
तातोपानी गाउँपालिका,
लिताकोट, जुम्ला ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

यस कार्यालयबाट तातोपानी गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरणउपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरुउपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५, महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शन र अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलव्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियतसहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियतसहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.२ करोड १३ लाख ४८ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१५ लाख ८४ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ३९ लाख ६१ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.४५ लाख ४० हजार र पेश्की रु.१२ लाख ६३ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको श्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।६।१० मा लेखापरीक्षण प्रतिवेदन जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रियासहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजु फछ्र्यौट नभई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना १८ यसैसाथ संलग्न छ ।

**कैफियतसहितको लेखापरीक्षण राय** - कैफियतसहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरुबाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन, आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# तातोपानी गाउँपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७४।७५

**परिचय :–** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्न तातोपानी गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो । कर्णाली प्रदेशको जुम्ला जिल्लामा रहेको यो गाउँपालिकाको ८ वडा र क्षेत्रफल ५२५.५६ वर्ग किलोमिटर तथा  जनसंख्या १४ हजार ६३८ रहेको छ ।

**स्थानीय सञ्चित कोष :–** आर्थिक वर्ष २०७४।७५ को स्थानीय सञ्चित कोषको आय व्यय हिसावको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

| सि. नं. | आयतर्फ | | | सि. नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | ४८,००,०००/- | १ | **चालु खर्च** | | १०,२२,९०,५२०/- |
| | क) नगद | . | | २ | **पूँजीगत खर्च** | | ११,४७,५२,७६८/- |
| | ख) बैंक | ४८,००,०००/- | | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | | |
| २ | **राजस्व (आन्तरिक आय)** | | ९,८६,६६१/- | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | ९,८६,६६१/- | | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड | - | | | ग) अन्य भुक्तानी | | |
| | ग) अन्य आय | - | | ४ | **लगानी** | | |
| ३ | **वित्तीय हस्तान्तरण** | | २४,८४,६५,०००/- | | ऋण लगानी | | |
| | क) वित्तीय समानीकरण अनुदान | १७,०३,३१,०००/- | | | शेयर लगानी | | |
| | ख) सशर्त अनुदान | ७,८१,३४,०००/- | | | अन्य लगानी | | |
| | ग) समपूरक अनुदान | | | ५ | **धरौटी फिर्ता** | | |
| | घ) विशेष अनुदान | | | ६ | **कोष खर्च** | | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | | | | |
| | क) वित्तीय समानीकरण अनुदान | | | | | | |
| | ख) सशर्त अनुदान | | | | | | |
| | ग) समपूरक अनुदान | | | ७ | **विषयगत कार्यालय खर्च** | | ६,०५,२६,४६२/- |
| | घ) विशेष अनुदान | | | ८ | **मौज्दात** | | ३,७४,२२,१२३/- |
| ६ | **विभिन्न कोषतर्फको आय** | | ६,०५,२६,४६२/- | | क) नगद मौज्दात | | |
| ७ | **विषयगत निकायबाट प्राप्त रकम** | | | | ख) बैंक मौज्दात | ३,७४,२२,१२३/- | |
| ८ | **धरौटी आय** | | २,१३,७५०/- | | | | |
| | **जम्मा** | | **३१,४९,९१,८७३/-** | | **जम्मा** | | **३१,४९,९१,८७३/-** |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १. | **आर्थिक विवरण :–** गाउँपालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण तोकिएबमोजिम दोहोरो श्रेस्ता प्रणालीको प्रोदभावी (एक्रुअल) सिद्धान्तमा आधारित लेखा राख्नुपर्ने व्यवस्था छ । सोअनुसार लेखा राखेको देखिएन । यसरी तयार गरिएका आर्थिक विवरणले वास्तविक आय र खर्चको स्थिति नदेखाउने भएकोले तोकिएअनुसारको लेखा राख्नुपर्दछ । | |
| २. | **आन्तरिक नियन्त्रण कार्यविधि :–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ मा स्थानीय  तहबाट सम्पादन गरिने कार्य मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानूनबमोजिम कार्य सम्पादन गर्न आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने र कामको प्रकृति अनुरुप नियन्त्रण वातावरण, जोखिम क्षेत्रको पहिचान, सूचनाको आदान प्रदान तथा जोखिम नियन्त्रणका उपायहरुसहितको | |

आन्तरिक नियन्त्रण कार्यविधि तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले सो अनुसारको आन्तरिक नियन्त्रण कार्यविधि तयार गरेको देखिएन । नियमानुसारको कार्यविधि तयार गरी लागु गर्नुपर्दछ ।

३. **कार्यक्रमगत खर्च खाता :–** स्वीकृत वार्षिक कार्यक्रमअनुसार कार्यालयद्वारा सञ्चालन गरिने विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दा कार्यक्रमगत खर्च खाता राख्नुपर्नेमा सो राखेको देखिएन । कार्यक्रमगत खाता राख्दा कार्यक्रमको प्रभावकारिता र उपलब्धि मापनसमेत सजिलै यकिन हुने हुँदा उक्त खाता राखी खर्च लेख्नु पर्दछ ।

४. **बजेट पेश गर्ने तथा पारित गर्ने :–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गतेभित्र सभामा पेश गर्नुपर्ने र आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिमसम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिनभित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारित गर्नुपर्ने व्यवस्था छ । कार्यालयको नीति, कार्यक्रम, वार्षिक योजना तथा बजेट २०७४।३।३० गते पारित भएको छ ।

५. **बजेट अवण्डा राखेको** :– स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा १३ मा स्थानीय निकायको परिषद्बाट आयोजनागत रुपमा बजेट बाँडफाँड नगरी अवण्डाको रुपमा एकमुष्ट राख्न नपाइने व्यवस्था छ । कार्यालयले परिषद्बाट २०७४।७५ को लागि स्वीकृत बजेट तथा कार्यक्रममा आयोजनागत बजेट बाँडफाँड नगरी ५ कार्यक्रम तथा शीर्षकहरुमा एकमुष्टरुपमा रु. २ करोड ५० लाख बजेट व्यवस्था गरेको छ । परिषदले योजनागतरुपमा बजेट पारित गर्नुपर्दछ ।

| सि. नं. | कार्यक्रम वा आयोजना | अवण्डा रकम | कैफियत |
|---|---|---|---|
| १ | विद्यालय भौतिक पूर्वाधार तर्फ | १,२७,००,०००/- | गाउँपालिकाको मिति २०७४।९।३ को निर्णयले २० वटा विद्यालयहरुलाई योजना बाँडफाँड गरेको छ । |
| २ | नदी नियन्त्रण कार्यक्रम तर्फ | ५०,००,०००/- | |
| ३ | लक्षितवर्ग क्षमता अभिवृद्धि तथा प्रवर्द्धनात्मक कार्यक्रम तर्फ | ८,००,०००/- | |
| ४ | खानेपानी योजनाहरु मर्मत कार्यक्रम तर्फ | ५०,००,०००/- | गाउँपालिकाको मिति २०७४।९।२ को निर्णयले ९ वटा खानेपानी योजनामा बाँडफाँड गरेको छ । |
| ५ | भैपरी आउने खर्च | १५,००,०००/- | गाउँपालिकाको विभिन्न मितिको निर्णयले १६ जनालाई आर्थिक सहायता दिएको छ । |

६. **आर्थिक सहायता :–** महालेखा नियन्त्रकको कार्यालयले जारी गरेको एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या निर्देशिका, २०७४ मा आर्थिक सहायता दिन नपाउने व्यवस्था गरेको छ । गाउँपालिकाले वित्तीय समानीकरण अनुदानबाट आर्थिक सहायता दिएको देखिएको छ । पूँजी निर्माण हुने र विकास निर्माणको कार्यमा मात्र खर्च गर्नुपर्नेमा विभिन्न व्यक्ति तथा संस्थालाई रु.११ लाख ८५ हजार आर्थिक सहायता दिएकोले नियमसम्मत देखिएन । यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

७. **योजना खण्डीकरण** :– स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा १३ मा स्थानीय तहको परिषद्बाट आयोजनागत रुपमा बजेट गाउँ कार्यपालिकाको निर्णयको आधारमा खण्डीकरण गरी परिषद्ले पारित नगरेका योजनामा खर्च गरेको छ । योजनाको प्राथमिकता तथा योजना छनौटका ७ चरणलाई अनुशरण नगर्दा माग भई आएका योजनामा लगानी अपुग हुने भएकोले एकमुष्ट बजेट राख्ने तथा गाउँ कार्यपालिकाको पटके निर्णयका आधारमा योजना बाँडफाँड गर्ने प्रवृत्तिको अन्त्य गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नअनुसार छः

७.१ नदी नियन्त्रणतर्फ बाँईराका टापु तटबन्ध निर्माण कार्यका लागि रु. १०,००,०००।०० विनियोजन भएकोमा गाउँ कार्यपालिकाको २०७४।९।२८ को निर्णयअनुसार उक्त योजनाको लागि रु. ७,००,०००।०० र खाल्मी नारा टापु तटबन्ध निर्माण कार्यमा रु. ३,००,०००।०० बाँडफाँड गरी खर्च गरेको छ ।

७.२ जालपादेवी विद्युत सहकारी संस्था लि. को क्षमता अभिबृद्धि तालिमको लागि रु. १६,००,०००।०० विनियोजन भएकोमा गाउँ कार्यपालिकाको २०७४।१२।७ को निर्णयअनुसार उक्त सहकारीको कार्यालय सञ्चालन र व्यवस्थापनमा खर्च गरेको छ ।

७.३ हिमशिखर माध्यमिक विद्यालय तातोपानीको फिल्ड तथा फलामे डेस्क बेन्च निर्माण कार्यको लागि रु. ५०,००,०००।०० विनियोजन भएकोमा गाउँ कार्यपालिकाको २०७४।९।२८ को निर्णयअनुसार उक्त विद्यालयको लागि रु. ३७,५०,०००।०० र कालिका माध्यमिक विद्यालय

टोप्लाको मर्मत तथा घेरावार निर्माणमा रु.१२,५०,०००।०० बाँडफाँड गरी खर्च गरेको छ ।

७.४ दुर्गा मा.वि. लाम्राको भवन निर्माण तथा मर्मत कार्यको लागि रु. ५०,००,०००।०० विनियोजन भएकोमा गाउँ कार्यपालिकाको २०७४।९।२८ को निर्णयअनुसार उक्त विद्यालयमा खाजा घर तथा हल मर्मत कार्यमा रु. १२,६६,०००।००, घेरावार तथा चौकीदार घर निर्माणमा रु. ९,९६,०००।०० र विद्यालय भवन मर्मत तथा फर्निचर निर्माणमा रु. २७,३८,०००।०० बाँडफाँड गरी खर्च गरेको छ ।

७.५ नेत्र ज्योति मा.वि. हाँकुको आई.टी. व्यवस्थापनको लागि रु. १५,००,०००।०० विनियोजन भएकोमा गाउँ कार्यपालिकाको २०७४।१२।७ को निर्णयअनुसार उक्त विद्यालयको घेरावार निर्माणमा बाँडफाँड गरी खर्च गरेको छ ।

७.६ रेडियो भुरीचुल्लाको निर्माण तथा स्थापना कार्यको लागि रु. ३०,००,०००।०० विनियोजन भएकोमा गाउँ कार्यपालिकाको २०७५।१।१३ को निर्णयअनुसार ४ नम्बर वडा कार्यालयको भवन निर्माणमा रु. ३०,००,०००।०० बाँडफाँड गरी खर्च गरेको छ ।

८. **ऐन नियम परिपालना तथा आन्तरिक नियन्त्रण पद्धति :–** सञ्चित कोष वा सरकारी कोषको सञ्चालन, बजेट तर्जुमा निकासा तथा खर्च गर्ने लेखा राख्ने, आन्तरिक नियन्त्रणको व्यवस्था मिलाउने, लेखापरीक्षण बेरुजु फछ्र्यौट तथा असुल तहसिल गर्ने गराउने आदि आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित रुपमा सञ्चालन गर्न गराउन आर्थिक कार्यविधि ऐन, नियमको पूर्ण रुपमा परिपालना हुनुपर्दछ । कार्यालयले ऐन नियमको परिपालना नगरेको तथा आन्तरिक नियन्त्रण प्रणाली सवल नबनाएका व्यहोराहरु देहाय अनुसार छन् :–

➢ **जोखिम पहिचान :–** कार्यालयले सम्भावित जोखिमहरु पहिचान गरी जोखिम निराकरणका लागि प्रयत्न गरेको अभिलेखबाट देखिएन । जोखिम पहिचान गरी निराकरणका उपायहरु अवलम्बन गर्नुपर्दछ ।

➢ **नागरिक वडापत्र :–** सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १४ अनुसार नागरिक वडापत्र कार्यालय परिसरभित्र सबैले देख्ने ठाँउमा राख्नुर्ने र सूचना अधिकारी तोकी कार्यालय गतिविधि वेभसाइटमा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्थाहरु पूर्णरुपमा पालना भएको देखिएन ।

➢ **कार्य विवरण :–** निजामती सेवा ऐन २०४९ को दफा ५क को उपदफा (१) मा व्यवस्था भएअनुसारको कार्यविवरण दिएको पाइएन । ऐनमा व्यवस्था भएअनुसार कार्य विवरण बनाई लागु गर्नुपर्दछ ।

➢ **कार्यालयको निरीक्षण :–** सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम ४०(१) मा तालुक कार्यालयले आफु मातहत रहेको कार्यालयहरुको अनुगमन तथा निरीक्षण गरेको देखिएन । कार्यालयबाट हुने सेवा प्रवाहमा प्रभावकारिता ल्याउन तालुक निकायबाट अनुगमन तथा निरीक्षण हुनुपर्दछ ।

➢ **भ्रमण अभिलेख तथा प्रतिवेदन :–** भ्रमण खर्च नियमावली २०६४ बमोजिम भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमण समाप्त भएपछि भ्रमण प्रतिवेदन पेश गर्नुपर्नेमा सोअनुसार गर्ने गरेको पाईएन । तोकिए बमोजिम भ्रमण अभिलेख राख्ने तथा प्रतिवेदन पेश गर्नुपर्दछ ।

➢ **दैनिक भत्ता :–** भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ (११) मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता, बैठक भत्ता, तालिम भत्ता, स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने प्रवधान छ । कार्यालयले यो वर्ष अनुगमन मुल्यांकन तथा कन्टिन्जेन्सी शीर्षकबाट कर्मचारीहरुलाइ दैनिक भत्ता भुक्तानी गर्दा स्थानीय भत्ता कट्टा गरेको देखिएन । कार्यालयबाटै छानविन गरी दैनिक भत्ता उभयोग गरेको अवधिको स्थानीय भत्ता असुल गर्नुपर्दछ ।

९. **श्रोत अनुमान तथा बजेट सीमा :–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरण, बजेट सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकता तोकी

| | | |
|---|---|---|
| | बजेट तर्जुमा गरी कार्यपालिकामा पेश गर्ने व्यवस्था रहेको छ । समिति गठन भएतापनि ऐनले तोकेअनुसारको कार्य पूर्णरुपले गरेको देखिएन । | |
| १०. | **बजेट तथा कार्यक्रम तर्जुमा :–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकता, क्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिने व्यवस्था मिलाउने उल्लेख छ । योजनाको प्राथमिकता तथा कार्यक्रम तर्जुमा गर्दा अन्य विषयगत कार्यालयहरुसंग आपसी समन्वय गरेको देखिएन । | |
| ११. | **स्थानीय तथ्यांक र अभिलेख :–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन । स्थानीय तहका हरेक क्रियाकलाप सञ्चालनमा तथ्यांकको महत्वपूर्ण भूमिका हुने हुँदा सोको संकलन र अभिलेख व्यवस्थित गर्नुपर्दछ । | |
| १२. | **लक्ष्य प्रगतिको स्थिति :–** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरीय तथा केन्द्रीय आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ को ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन । कार्यालयले सञ्चालन गरेका सबै योजनाहरुको तोकिएअनुसारको ढाँचामा प्रगति विवरण तयार गर्नुपर्दछ । | |
| १३. | **बैंक हिसाब :–** कार्यालयको खाता हिसाब र बैंक हिसाब एक आपसमा भिडान गर्नुपर्ने व्यवस्था छ । कार्यालयको यसवर्षको आम्दानी रु. ३१,४९,९१,८७३।०० र खर्च रु. २७,७५,६९,७५०।००, बैंक मौज्दात रु. ३,७४,२२,१२३।०० रहेको छ । आम्दानी, खर्च, बैंक मौज्दातबीच रु. १,५३,०००।०० फरक परेको सम्बन्धमा कार्यालयले विपद व्यवस्थापन कोषको लागि प्राप्त रकम आम्दानी बाँध्न बाँकी रहेको उल्लेख छ । उक्त रकमको प्राप्तिको स्रोत खोली सम्बन्धित खातामा आम्दानी देखाउनु पर्दछ । | १,५३,०००।०० |
| १४. | **घटी जिम्मेवारी :–** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ बमोजिम आय व्यय ठिकसँग भएको र लेखाकंन गरेको कुरामा विश्वस्त हुनुपर्ने र घटी जिम्मेवारी सार्न नहुने व्यवस्था छ । गत आर्थिक वर्ष २०७३।७४ को लेखापरीक्षण प्रतिवेदनमा जिम्मेवारी सार्नुपर्ने उल्लेख भएको रु.४,९१,३३०।०० मध्ये कार्यालयले उक्त रकम सञ्चित कोष दाखिला गरेको देखिएन । जिम्मेवारी सार्न बाँकी देखिएको रकम खोजबिन गरी जिम्मेवारी सरेको रकम सञ्चित कोषमा दाखिला हुनुपर्दछ । | ४,९१,३३०।०० |
| १५. | **चौमासिक खर्च :–** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रमबमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरणअनुसार दोश्रो चौमासिकमा ३३ प्रतिशत र तेश्रो चौमासिकमा ६७ प्रतिशत खर्च गरेको र आषाढ महिनामा ४८.८३ प्रतिशत खर्च गरेकोले आषाढमा आएर खर्चको चाप परेको छ । सन्तुलित किसिमले खर्च गर्नुपर्दछ । | |
| १६. | **राजस्व कारोबारको लेखा :–** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९२(१) मा प्रत्येक कार्यालयले राजस्वको लेखा महालेखापरीक्षकको कार्यालयवाट स्वीकृत ढाँचामा राख्नुपर्ने उल्लेख छ। कार्यालयले राजस्व आम्दानीतर्फ म.ले.प.फा.नं. १०८ र २३ नराखेको तथा दैनिक राजस्व असुलीको भौचर उठाएको देखिएन । नियमावलीको व्यवस्था अनुसार म.ले.प.फा.नं. १०८ र म.ले.प.फा.नं. २३ राखी राजश्व असूली लेखा व्यवस्थित गर्नुपर्दछ। साथै असुली रकम असुल भएको भोलिपल्ट दाखिला गर्नुपर्नेमा वडा कार्यालयले मासिक/त्रैमासिक रुपमा दाखिला गर्ने गरेको छ। अनिवार्य रूपमा राख्नुपर्ने दैनिक आम्दानी एवं बैङ्क दाखिला खाताहरूको प्रयोग गरी आन्तरिक आयलाई व्यवस्थित बनाउनु पर्दछ । | |
| १७. | **रसिद नियन्त्रण खाता :–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमहरूको दैनिक आम्दानी किताबमा प्रविष्टी गरी तोकिएको समयमा बैङ्क दाखिला खातामा प्रविष्ट गर्नुपर्दछ। कार्यालयले राजस्व असुलीमा प्रयोग हुने रसिदको रसिद नियन्त्रण खाता राखेको छैन । रसिद नियन्त्रण खाता नराखेकोले राजस्व असुलीमा प्रयोग भएको रसिदबाट असुल भएको सबै रकम दाखिला भएको छ भन्न सकिने आधार भएन । रसिद नियन्त्रण खाता राखी रसिदको प्रयोगलाई व्यवस्थित बनाउनुपर्दछ । | |

१८. **वित्तीय जवाफदेहिता पालना** :– आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिँदा वा खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोबार सम्बन्धी व्यवस्था र नियम पर्याप्त छन् र तिनीहरुको पालना गरिएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ । गाउँपालिकाले नियमावलीको वित्तीय जवाफदेहिताको पालना गरेको देखिएन ।

१९. **बक्यौता** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अर्न्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्काबापत वक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । कार्यालयले आयगत लगत तयार गरेको छैन । राजस्वको समष्टिगत लगत तयार गरी आयको हिसाव अद्यावधिक गर्नुपर्दछ ।

२०. **राजस्व अभिलेख** :– आर्थिक कार्यविधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अद्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । राजस्व आम्दानीको निर्णयदेखि असुली तथा दाखिलासम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । यसवाट स्थानीय तहको वास्तविक राजस्व असुली र दाखिला यकिन नभएकोले आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ ।

२१. **सम्पत्ति हस्तान्तरण** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा  ९७, ९८ र १०४ अनुसार साविक गाउँ विकास समिति र विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्तभित्र स्थानीय तहले तयार गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस तातोपानी गाउँपालिकाले साविक गाउँ विकास समिति र विषयगत कार्यालयको चल अचल सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । जिन्सी मालसामानको आम्दानी नजनाउँदा मालसामानहरु हराउन, हिनामिना हुनसक्ने भएकोले मालसामानको प्रकृतिअनुसार जिन्सी खातामा आम्दानी जनाई जिन्सी स्रेस्ता अद्यावधिक गर्नुपर्दछ ।

२२. **बरबुझारथ** :– मन्त्रालयको २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाउँपालिकामा समाहित भएका साविकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले यकिन गरी अद्यावधिक नगरेकोले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

२३. **श्रोत नक्साङ्कन** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम प्रत्येक गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानीलगायतको अभिलेख तथा श्रोत नक्साङ्कन गाउँपालिकले तयार गर्नुपर्नेमा सो तयार गरेको देखिएन । गाउँपालिकाले ऐनले तोकेअनुसारको श्रोत नक्सा तयार गर्नुपर्दछ ।

२४. **उपभोक्ता समिति** :– सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नुपर्ने, खर्चको सूचना सार्वजनिक गर्नुपर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर जस्ता मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी नगर्ने जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने जस्ता कार्यमा सुधार हुनुपर्दछ ।

२५. **कल्याण कोष** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधिउपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । कोषको व्यवस्था अनुरुप स्थानीय तहले कर्मचारी कल्याण

| | | |
|---|---|---|
| | कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ। गाउँपालिका अर्न्तगत कार्यरत स्थानीय सेवाका कर्मचारीको लागि सेवा वा पदबाट अलग हुँदा दिनुपर्ने अवकास सुविधाको कल्याण कोष स्थापना नगरेकोले ऐनमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ। | |
| २६. | **<u>लक्षित समूह खर्च</u> :–** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा नं. १२ (७) अनुसार लक्षित समुहको मागको आधारमा लक्षित समुहको पूँजी निर्माण, सेवा प्रवाहमा गुणस्तरीय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रम र आयोजनामा मात्र रकम विनियोजन र खर्च गर्न सकिने व्यवस्था छ। कुनैपनि प्रकारका वितरणमूखी कार्यक्रम, सभा सम्मेलन वा गोष्ठीमा खर्च गर्न नपाइने व्यवस्था भएकोमा गाउँपालिकाले गोष्ठी सभा सम्मेलन जस्ता कार्यक्रममा समेत खर्च गरेको देखिएकोले यस्ता कार्यमा सुधार हुनुपर्दछ। | |
| २७. | **<u>आन्तरिक आय</u> :–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। यस वर्ष आन्तरिक आय रु. ९,८६,६६१।०० असुली तथा दाखिला भएकोमा देखिएका व्यहोरा निम्नअनुसार छन् : | |
| २७.१ | **<u>कर रकम असुली</u> :–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्रअर्न्तगत विभिन्न कर तथा शुल्क लगाउने र बक्यौता रकमसमेत असुली गर्नुपर्ने व्यवस्था छ। कार्यालयले मालपोत, शुल्क र अन्य शुल्क तथा दस्तुरबाट असुल हुनुपर्ने रकमको लगत नराखेकोले असुल गर्न बाँकी करहरु यकिन गर्न सकिएन। तसर्थ असुल गर्नुपर्ने करहरुको लगत राखी असुल गर्नुपर्दछ। | |
| २७.२ | **<u>सञ्चित कोष</u> :–** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४ को दफा ६३ अनुसार गाउँपालिकाको स्थानीय सञ्चित कोष खाता रहने तथा चालु आर्थिक वर्षको अन्त्यमा खर्च खातामा रहेको सबै बाँकी रकम र अन्य विभिन्न आय रकम सम्वन्धित स्थानीय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेतापनि साविकका गाउँ विकास समिति र आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको आन्तरिक आयको रु. ८,२४,४५७।०० सञ्चित कोषमा दाखिला गरेको नदेखिएकोले आदेशको पालना गरी उक्त रकम सञ्चित कोषमा दाखिला गर्नुपर्दछ। | ८,२४,४५७।०० |
| २८. | **<u>व्यवसाय कर</u> :–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनु पर्ने व्यवस्था रहेको छ। कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नुपर्नेमा व्यवसायीहरुको लगत राखेको देखिन आएन। व्यवसाय दर्ता नभएका व्यवसायीहरुको अनुगमन गरेको पाईएन। गाउँपालिका क्षेत्रभित्रका व्यवसायको अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ। | |
| २९. | **<u>सवारी कर</u> :–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ मा गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ। गाउँपालिकाले सवारीहरुको दर्ता एवं नवीकरणबाट यो वर्ष कुनैपनि रकम असुल भएको देखिएन। सवारी साधनको अभिलेख राखी कर असुलीलाई प्रभावकारी बनाउनेतर्फसम्बन्धित निकायको ध्यान जानुपर्दछ। | |
| ३०. | **<u>तलबी प्रतिवेदन</u> :–** निजामती सेवा ऐन, २०४९ को दफा ७ अनुसार कार्यरत स्थायी कर्मचारीहरुको वार्षिक तलबी प्रतिवेदन कोष तथा लेखा नियन्त्रकको कार्यालय, शिक्षकहरुको हकमा शिक्षक कितावखाना र स्थानीय कर्मचारीहरुको हकमा आन्तरिक लेखापरीक्षकबाट पारित गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले उपरोक्त कर्मचारीको तलब खर्च लेखेकोमा तलबी प्रतिबेदन पारित गरेको छैन। तलबी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ। | |
| ३१. | **<u>विद्युतीय लेखा</u> :–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवारको लेखा राख्नुपर्ने तथा महालेखा नियन्त्रकको कार्यालयले नि:शुल्करुपमा उपलव्ध गराई सबै गाउँपालिकाहरुले क्गद ल्बतष्यलबा त्चभबकगचथ च्भनगबितयचथ द्वउउष्बिबतष्यल ९क्ग्त्द्ध० प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ। यस गाउँपालिकाले उक्त सफ्टवेयर प्रयोग गरी लेखा राखेको देखिएन। | |

३२. **सार्वजनिक परीक्षण** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ। कार्यालयबाट सञ्चालित विभिन्न योजनाको सार्वजनिक परीक्षण र सुनवाईको व्यवस्था अवलम्वन गरी सम्पन्न योजना उपभोक्तालाई हस्तान्तरण हुनुपर्दछ।

३३. **योजना र कार्यान्वयन** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने र योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूचीसमेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। कार्यालयले योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची तयार गरी कार्यान्वयनमा ल्याएको देखिन आएन।

३४. **गुणस्तर परीक्षण** :– सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तरबमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ। गाउँपालिकाले मोटरसाईकल, ल्यापटप लगायतका सामानको गुणस्तर परीक्षण गरेको पाइएन। गुणस्तर परीक्षणको व्यवस्था कार्यान्वयनमा ल्याउनु पर्दछ।

३५. **न्याय सम्पादन** :– कार्यालयबाट प्राप्त विवरण अनुसार मुद्दा दर्ता, फछ्र्यौट, बाँकी रहेको विवरण निम्नअनुसार रहेको छ।

| सि. नं. | उजुरीको विवरण | जम्मा दर्ता उजुरी | टुङ्गो लागेका उजुरी | माथिल्लो निकायमा पठाएको | बाँकी उजुरी |
|---|---|---|---|---|---|
| १ | जग्गा विवाद | १५ | ६ | ० | ९ |
| २ | लेनदेन कारोवार | ३ | २ | ० | १ |
| ३ | बहुविवाह | २ | ० | २ | ० |
| ४ | सिंचाइ कुलो | २ | १ | १ | ० |
| ५ | वायुउर्जा | १ | ० | १ | ० |
| | **जम्मा** | **२३** | **९** | **४** | **१०** |

३६. **कर समायोजन** :– मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १८(१) मा करदाताले प्रत्येक महिनाको विवरण सो महिना समाप्त भएको २५ दिनभित्र पेश गर्नुपर्ने र भुक्तानी दिनेले समेत भुक्तानीको विवरण सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिनुपर्ने व्यवस्था छ। मूल्य अभिबृद्धि करसमेत भुक्तानी लिएका निर्माण व्यबसायी, आपूर्तिकर्ता तथा सेवा प्रदायकहरुले बुझाउनु पर्ने कर विवरण तथा कर रकम बुझाएको प्रमाण नदेखिएकोले मूल्य अभिबृद्धि कर समायोजन भएको प्रमाण पेश हुनुपर्दछ। १९,१०,३८९।५०

| गो.भौ.नं/मिति | आपूर्तिकर्ता तथा सेवा प्रदायकको नाम | भुक्तानी रकम | मू.अ.कर | देखिएको कैफियत |
|---|---|---|---|---|
| | **व.उ.शि.नं. ८०१७५७३ सशर्त अनुदान स्वास्थ्य तर्फ** | | | |
| ३१/२०७५/३/३१ | जि.पी. स्टेशनरी एण्ड सप्लायर्स, जुम्ला ( ३०१७३६८८८ ) | २,२४,८१३/५० | २५,८६३/५० | विजक नं. ३८६।२०७५।३।३१, २०७५ असार देखि ननफाइलर रहेको। |
| | **व.उ.शि.नं. ३६५८२२४ कर्णाली रोजगार तर्फ** | | | |
| ३/२०७५/३/२५ | रावल हार्डवेयर एण्ड अर्डर सप्लायर्स, जुम्ला ( ६०७६९१४७० ) | १,२३,७६९/- | १४,२२९/- | विजक नं. २६।२०७५।३।१९, २०७५ बैशाख देखि ननफाइलर रहेको। |
| ३/२०७५/३/२५ | रावल हार्डवेयर एण्ड अर्डर सप्लायर्स, जुम्ला ( ६०७६९१४७० ) | २८,०९२/- | ३,२३२/- | विजक नं. २८।२०७५।३।१९, २०७५ बैशाख देखि ननफाइलर रहेको। |
| ३/२०७५/३/२५ | रावल हार्डवेयर एण्ड अर्डर सप्लायर्स, जुम्ला ( ६०७६९१४७० ) | ५१,९८०/- | ५,९८०/- | विजक नं. २७।२०७५।३।१९, २०७५ बैशाख देखि ननफाइलर रहेको। |
| ३/२०७५/३/२५ | रावल हार्डवेयर एण्ड अर्डर सप्लायर्स, जुम्ला ( ६०७६९१४७० ) | ४,०२,३५७/- | ४६,२८९/- | विजक नं. २५।२०७५।३।१९, २०७५ बैशाख देखि ननफाइलर रहेको। |
| | **व.उ.शि.नं. ग्रामीण सडक तर्फ** | | | |
| १६/२०७५/३/१९ | सोनिया निर्माण सेवा ( ६००४०६१५६ ) | ७२,७३,७८१/- | ८,३६,८०७/- | २०७४कार्तिक देखि ननफाइलर रहेको। |
| २३/२०७५/३/२५ | सोनिया निर्माण सेवा (६००४०६१५६) | ३६,१६,०००/- | ४,१६,०००/- | २०७४कार्तिक देखि ननफाइलर रहेको। |
| २६/२०७५/३/२९ | रश्मी निर्माण सेवा (३०२३३३०२८) | ३४,६१,९८०/- | ३,९८,२८१/- | २०७३ असार देखि ननफाइलर रहेको। |
| | **व.उ.शि.नं. सामानिकरण अनुदान पूँजीगत तर्फ** | | | |
| ३२/२०७५/३/२४ | रावल हार्डवेयर एण्ड अर्डर सप्लायर्स, जुम्ला ( ६०७६९१४७० ) | ९,२४,६७१/- | १,०६,३७८/- | २०७५ बैशाख देखि ननफाइलर रहेको। |
| ३२/२०७५/३/२४ | सोनिया निर्माण सेवा ( ६००४०६१५६ ) | २,८२,५००/- | ३२,५००/- | २०७४कार्तिक देखि ननफाइलर रहेको। |
| २१/२०७५/३/२५ | रावल हार्डवेयर एण्ड अर्डर सप्लायर्स, जुम्ला ( ६०७६९१४७० ) | २,१५,८३०/- | २४,८३०/- | २०७५ बैशाख देखि ननफाइलर रहेको। |
| | **जम्मा** | **१,६६,०५,७७३/५०** | **१९,१०,३८९/५०** | |

३७. **मूल्य अभिबृद्धि कर** :– मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ (१) मा दर्ता भएको व्यक्तिले वस्तु वा सेवा बिक्री गर्दा प्रापकलाई कर बीजक दिनुपर्ने उल्लेख छ । मूल्य अभिवृद्धिकर नियमावली २०५३ को नियम १७ (१) अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखि बाहेक प्रापकलाई अनुसूची ५ र ५(क) बमोजिमको ढाँचामा कर बीजक दिनुपर्ने व्यवस्था छ । आन्तरिक राजस्व विभागको मिति २०५५।३।३२ र २०६५।७।१० को परिपत्रानुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको करदाताले हरेक वर्ष बीजकको क्रम संख्या १ बाट सुरु गर्नुपर्ने र कर बीजकमा हातले नम्बर राख्न नहुने र केरमेट गर्न नहुने उल्लेख छ । कार्यालयले करसमेत भुक्तानी गरेको निम्न फर्मले रीतपूर्वकको बीजक जारी नगरेकोले कर रकम समायोजन गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्दछ । ४०,८२०।००

| गो.भौ.नं/मिति | आपूर्तिकर्ताको नाम | भुक्तानी रकम | मू.अ.कर | देखिएका कैफियतहरु |
|---|---|---|---|---|
| | **व.उ.शि.नं. ८०१७५७३ नदी नियन्त्रण तर्फ** | | | |
| १९/२०७५/३/२१ | करण जडिबुटी तथा खाद्य सप्लायर्स, जुम्ला (३०१५६०४८१) | २,६४,४२०/- | ३०,४२०/- | विजक नं. ५ हातले लेखि मिति २०७५।३।२१ मा जारी गरेको । |
| | **व.उ.शि.नं. ३६५८२२४ कर्णाली रोजगार तर्फ** | | | |
| ३/२०७५/३/२५ | विधान ट्रेडर्स एण्ड सप्लायर्स, जुम्ला ( ६०२६७९४७३ ) | ९०,४००/- | १०,४००/- | विजक नं. २२ हातले लेखि मिति २०७५।३।४ मा जारी गरेको । |
| | **जम्मा** | **३,५४,८२०/-** | **४०,८२०/-** | |

३८. **निर्देशिकाको पालना** :– स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण निर्देशिका, २०७४ मा भएका निम्न प्रावधानहरु पालना भएको देखिएन ।

३८.१ निर्देशिकाको दफा ५.१४ मा स्थानीय तहका पदाधिकारीको सुविधा प्रदेश सभाले बनाएको कानूनअनुसार हुने, यस्तो कानून नबनेसम्म सम्बन्धित स्थानीय तहको सभाबाट निर्धारण भए बमोजिम मात्र सुविधा प्रदान गर्न सकिने र यस्तो सुविधा स्थानीय तहबाट असुल भएको राजस्व रकमबाट मात्र खर्च व्यहोर्नु पर्ने प्रावधान छ । स्थानीय तहका पदाधिकारीलाई प्रदेश कानून नबनेको र स्थानीय तहले कुनै सुविधा निर्धारण नगरेको अवस्थामा पनि भ्रमण गरेको अवधिको दैनिक भत्ता वित्तीय समानीकरणको बजेटबाट खर्च लेखेको छ ।

३८.२ निर्देशिकाको दफा ५.१५ मा नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा श्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नसकिने प्रावधान भएकोमा पनि यो वर्ष ८ थान मोटर साइकल खरिद गरी रु. २२,७३,४२८।०० खर्च गरेको छ ।

३९. **मालसामानको लागत अनुमान** :– सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले निर्माण कार्यबाहेक एक लाख रुपैयाँभन्दा बढीको कुनै पनि खरिदको लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। कार्यालयले निर्माण कार्यको खरिमा मात्र लागत अनुमान तयार गर्ने र मालसमान खरिद गर्दा लागत अनुमानबेगर नै गर्ने गरेकोले खरिद कार्यमा प्रचलित कानुनको पालना भएको छैन। लागत अनुमानबेगर मालसामान खरिद गर्दा खरिद कार्य मितव्ययी भए नभएको यकिन गर्न नसकिने भएकोले कार्यालयले कानुनको पालना गर्नुपर्दछ। यस सम्बन्धी केही उदाहरण निम्नअनुसार छः

| गो.भौ./मिति | मालसामानको विवरण | खरिद मूल्य |
|---|---|---|
| विभिन्न | ८ थान मोटरसाइकल | २२,७३,४२८/- |
| ८/०७४/१२/३० | सोलार सेट | १,७१,७००/- |
| ११/०७५/१०/२९ | ल्यापटप ५ थान र राउटर १६ थान | ४,७१,००७/- |

४०. **आयोजनाको स्वीकृति र कार्यान्वयन** :– आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२ अनुसार विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलको समेत विचार गरी आयोजना स्वीकृत हुनु पर्दछ। यसरी स्वीकृत आयोजना कार्यान्वयन गर्नको लागि विस्तृत सर्वेक्षण, ड्इङ्ग, डिजाइन, लागत अनुमान र सो अनुसार वार्षिक कार्यक्रम निश्चित गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। गाउँपालिका अन्तर्गत सञ्चालन भएका कुनै पनि योजनाहरुको उपरोक्त अनुसारको प्रक्रिया पूरा गरेको देखिएन । यो वर्ष उपर्युक्त प्रावधान पूरा नगरी छनौट भएका केही ठूला योजनाहरुको उदाहरण निम्नअनुसार छन्ः

| योजनाको नाम | लागत अनुमान | कार्य सम्पन्न |
|---|---|---|
| राँका तरापी सर्मी सुर्मी ग्रा.स. | ८९४५४४२ | ८९४२०८२ |
| गिडीदह ग्रामीण सडक | ५९३७०२३ | ५९३३८१४ |

| | | |
|---|---|---|
| थारमारे दिलोरी ग्रामीण सडक | ४७४९६८२ | ४९३३५४४ |
| बुदबुदी गोठीपुल ग्रामीण सडक | ४७५०६४८ | ४७२३८७० |
| गाडापारी हाकु हुँदै राँकासम्म ग्रा.स. | ४७३३४५४ | ४५७९९४३ |
| लिताकोट बाँइराका खानेपानी योजना | ८२१४६७५ | २५७४९६४ |

४१. **उपभोक्ता समितिबाट काम गराएको :–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७.१ मा यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखेको भए तापनि एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सकिने व्यवस्था छ । एक करोड रुपैयाँसम्मको लागत अनुमानमा मूल्य अभिवृद्धी कर, ओभरहेड, कन्टिन्जेन्सी र जनसहभागिताको अंशसमेत समावेश हुने उल्लेख छ । वित्तीय समानीकरण पूँजीगत कार्यक्रमको देहायको योजनाको लागत अनुमानमा मूल्य अभिवृद्धी कर तथा ओभरहेडबापतको रकम जोड्दा एक करोड रुपैयाँभन्दा बढी लागत अनुमान हुनेमा पनि लागत अनुमान तयार गर्दा मूल्य अभिवृद्धी कर र ओभरहेडको रकम समावेश नगरी गर्ने र तोकिएको सीमाभन्दा घटीको लागत अनुमान देखाई उपभोक्ता समिति मार्फत काम गराएको छ । नियमले तोकेको सीमाभन्दा बढीको काम उपभोक्ता समितिबाट गराई अनियमित किसिमले खर्च गरेको देखिएको छ ।

| सि.नं | योजनाको नाम | लागत अनुमान | खर्च |
|---|---|---|---|
| १ | लिताकोट बाइराँका खा.पा.यो | ११०८४९२४/५४ | २०५९९०० |
| २ | राँका तरापी सर्मी सुर्की ग्रामीण सडक | १२०७१८७४/२९ | ७५९७००० |

४२. **उपभोक्ता समितिले व्यहोर्ने रकम :–** उपभोक्ता समितिमार्फत सञ्चालन हुने योजनाहरुमा उपभोक्ता समितिले लागत अनुमानको कम्तीमा २० प्रतिशत लागत व्यहोर्ने गरी सम्झौता गर्नुपर्दछ । बीस प्रतिशतभन्दा घटी लागत व्यहोर्ने गरी उपभोक्ता समितिसँग सम्झौता गरेको र सोहीअनुसार भुक्तानी भएको समेत देखियो । नमुना छनौटको आधारमा केही योजनाहरुको लागत अनुमान र उपभोक्ता समितिले व्यहोरेको रकमको परीक्षण गर्दा निम्न योजनाको उपभोक्ता समितिलाई २० प्रशितभन्दा कम रकम व्यहोरेकोले असुल गर्नुपर्ने देखिएको छ । बाँकी योजनाहरुको सम्बन्धमा कार्यालयबाट छानविन गरी आवश्यक कारबाही गर्नुपर्दछ । ४,९३,५४६।००

| योजनाको नाम | लागत अनुमान | भुक्तानी गर्नुपर्ने | भुक्तानी भएको | २० प्रतिशत नहुदाँको बढी व्ययभार परेको रकम |
|---|---|---|---|---|
| राँका तरापी ग्रा.स. | ८९४५४४२ | ७१५६३५४ | ७५९७००० | ४४०६४६ |
| पाण्डेबाडा पत्थेनी खा.पा. | ८३०६३१ | ६६४५०० | ६६५००० | ५०० |
| हियाखोला खा.पा. | २३७९५८ | १८७००० | १९०००० | ३००० |
| रुखामूल खा.पा. | ८३१३३३ | ६६०००० | ६६५००० | ५००० |
| पारीबाडा खा.पा. | ७७९६३५ | ६२३७०० | ६६५००० | ४१३०० |
| पानीखोला कराखोला खा.पा. | ७६८०६१ | ६१४४०० | ६१७५०० | ३१०० |
| **जम्मा** | **१२३९३०६०** | **९९०५९५४** | **१०३९९५००** | **४९३५४६** |

४३. **निर्माण व्यवसायीबाट काम गराएको :–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१३क) मा उपभोक्ता समितिले प्राप्त गरेको कुनै काम निर्माण व्यवसायीबाट गराएको पाइएमा सार्वजनिक निकायले उपभोक्ता समितिसँगमो सम्झौता रद्द गरी त्यस्तो समितिलाई भविष्यमा कुनै किसिमको काम गर्न नदिने अभिलेख राखी निर्माण व्यवसायीलाई कालो सूचीमा राख्न सार्वजनिक अनुगमन कार्यालयमा सिफारिस गर्नुपर्ने उल्लेख छ । ग्रामीण सडक निर्माण गर्न सम्झौता गरेका उपभोक्ता समितिहरुले सडक निर्माणको काम निर्माण व्यवसायीलाई दिई निर्माण व्यवसायीले सडक निर्माण गरेको उल्लेख गरी जारी गरेको बीजक कार्यालयमा पेश गरेको आधारमा उपभोक्ता समितिलाई भुक्तानी हुने गरेको देखिएको छ। नियमको पालना नगर्ने उपभोक्ता समिति र निर्माण व्यवसायीलाई उपरोक्त अनुसारको कारबाही गर्नुपर्दछ।। नमुना छनौटको आधारमा केही योजनाहरुको परीक्षण गर्दा देखिएका व्यहोरा निम्नअनुसार छः

| योजनाको नाम | निर्माण व्यवसायीको नाम | भुक्तानी रकम |
|---|---|---|
| थारमारे दिलोरी ग्रा.स. | बुद्धनाथ निर्माण सेवा | ३७२१२४६ |
| राँका तरापी सर्मी सुर्की ग्रा.स. | सोनिया निर्माण सेवा | ७२७३७८१ |
| गाडापारी हाँकुहुँदै राँका ग्रा.स. | बुद्धनाथ निर्माण सेवा | ३३४६९७९ |
| ऐरेनीदेखि हियाखोला ग्र.स. | R & N Construction | ९६०६९२ |

| | | |
|---|---|---|
| ऐरेनीदेखि हियाखोला ग्रा.स. | बुद्धनाथ निर्माण सेवा | ६७८६७८ |
| गिडीदह ग्रा.स. | जे.एस. डी.निर्माण सेवा | ४०१०३७० |
| बुदबुदी गोठीमुल सनीगाउँ ग्रा.स. | सोनिया निर्माण सेवा | ३६१६००० |
| कयारकोट ताम्ती ग्रा.स. | रश्मी निर्माण सेवा | ३४६१९८० |
| जोगीचौर थाप्ला ग्रा.स. | बुद्धनाथ निर्माण सेवा | ९५०००० |
| कर्णली राजमार्गदेखि सनीपातल ग्रा.स. | बुद्धनाथ निर्माण सेवा | २६४५९२८ |

४४. **बढी पेश्की :–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७.५ मा खरिद सम्झौता भएपछि सार्वजनिक निकायले उपभोक्ता समितिलाई सम्झौता रकमको एक तिहाई रकमसम्म अग्रिम रुपमा पेश्की दिन सकिने प्रावधान छ । वित्तीय समानीकरण पूँजीगतअन्तर्गतको देहायका योजनाको उपभोक्ता समितिसँग सम्झौता पश्चात तोकिएको भन्दा बढी पेश्की उपलब्ध गराएकोले पेश्की खर्च अनियमित देखिएको छ ।

| सि. नं. | योजनाको नाम | सम्झौता रकम | एकतिहाई रकम | पेश्की दिएको | बढी रकम |
|---|---|---|---|---|---|
| १ | इमिल्चा जलविद्युत योजना | १००६९४० | ३३२,३०० | ५००,००० | १६७,७०० |
| २ | थलाले विद्युत पोल तथा लाइन विस्तार योजना | ५९३,७६३ | १९५,९५० | २५०,००० | ५४०५० |
| ३ | ४ नं वडा कार्यालय भवन निर्माण | ३७९०२८३ | १२५०८०० | १४२५००० | १७४२०० |
| | **जम्मा** | **५,३९०,९८६** | **१,७७९,०५०** | **२,१७५,०००** | **३९५,९५०** |

४५. **सञ्चालन खर्च :–** नेपाल सरकारले उपलब्ध गराएको वित्तीय समानीकरण पूँजीगतको बजेटबाट चालु प्रकृतिका खर्चहरु गर्न मिल्ने कानूनी आधार देखिदैन । त्यसैगरि गाउँपालिकाको स्वामित्वमा रहेको बाहेकका कुनै पनि संस्थाको कार्यालय सञ्चालनसँग सम्बन्धित खर्च गर्नसमेत मिल्दैन । जाल्पादेवी विद्युत सहकारी संस्था लिमिटेडको क्षमता अभिवृद्धी तालिम सञ्चालनको लागि रु. १६,००,०००।०० बजेट छुट्याई देहायका कार्यमा खर्च गरेको देखियो । गाउँपालिकाको स्वामित्वमा नरहेको उक्त संस्थाको क्षमता अभिवृद्धी सम्बन्धी कार्यमा खर्च गर्न मिल्ने नदेएिकोले खर्च अनियमित देखिएको छ । १५,२०,०००।००

| गोश्वारा भौचर र मिति | खर्चको विवरण | खर्च रकम |
|---|---|---|
| ११/२०७५-३-१७ | ल्यापटप तथा प्रिन्टर | १३२२१० |
| | अफिस टेबुललगायत | २३००० |
| | ल्यापटप र क्यामरा | ९६०५० |
| | व्यवस्थापकको तलब | १५०००० |
| | घर भाडा | ४२००० |
| | सोलार सेट | १५५९४० |
| | स्टेपलाइजर | १६००० |
| | कार्यालय सञ्चालन अन्य खर्च | १४८१९५ |
| १३/२०७३-३-२६ | मसलन्द | १२४३५ |
| | डेल प्रोजेक्टर | ७०००० |
| | बजाज पल्सर १५० सी.सी.को मोटरसाइकल | २४२९०० |
| | हेल्मेटलगायत | १४२०० |
| | दराजलगायतका फर्निचर | १३७८६० |
| | क्लाम्पमिटर र क्लाम्पसिटरलगायत | ३७९५० |
| | डेल ल्यापटप i3 | ४५००० |
| | व्यवस्थापकको तलब | ५०००० |
| | खाजा तथा खाना | ७१८४० |
| | अन्य खर्च | ७२२०० |

४६. **घटी कर कट्टा :–** जाल्पादेवी विद्युत सहकारी संस्था लिमिटेडलाई विभिन्न किसिमको सञ्चालन खर्च उपलब्ध गराउदा अग्रिम आयकर तथा घर भाडा कर रु.२०,८८८।०० कट्टा गर्नुपर्नेमा रु.८,७००।०० मात्र गरेको देखिएकोले नपुग भएको कर रकम असुल गरी राजस्व दाखिला गर्नुपर्दछ । १२,१८८।००

४७. **तातोपानी गुरुयोजना :–** तातोपानी गुरुयोजना तयार गर्न परामर्शदाता नियुक्ति गरी मल्टिप्लेक्स इन्जिनियरिङ्ग प्रा.लि. लाई रु. १९०४०५०।०० भुक्तानी गरेकोमा देहायका व्यहोरा देखिएकोले परामर्श सेवा मितव्ययी र गुणस्तरीय भएको भन्ने आधार देखिएन । १९,०४,०५०।००

४७.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्दा मन्त्रालयले परामर्श सेवाको लागत अनुमान सम्बन्धी नर्म्स तयार गरेको भए त्यस्तो नर्म्स, सम्बन्धित परामर्श सेवाको कार्य क्षेत्रगत शर्त र सम्बन्धित सार्वजनिक निकाय वा अन्य सार्वजनिक निकायले चालू वा अघिल्ला वर्षहरुमा सोही प्रकृतिको खरिदमा लागेको वास्तविक खर्चलाई आधार लिनुपर्ने व्यवस्था छ । कार्यालयले परामर्श सेवाको लागि तयार

गरेको लागत अनुमानमा उपरोक्त आधारहरु लिएको नदेखिएकोले लागत अनुमान यथार्थपरक र वास्तविकतामा आधारित रहेको भन्न सक्ने अवस्था नरहेकोले लागत अनुमान तयार गर्दा स्पष्ट आधार लिनुपर्दछ ।

४७.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७२ मा बीस लाख रुपैयाँभन्दा कम रकमको परामर्श सेवा ऐनको दफा ६क बमोजिम मौजुदा सूचीमा रहेका सम्भव भएसम्म ६ वटा र कम्तीमा ३ वटा परामर्शदाताबाट लिखित रुपमा प्राविधिक र आर्थिक प्रस्ताव माग गरी गर्न सकिने व्यवस्था छ । नियमअनुसार ६ वटा फर्मसँग प्रस्ताव नमागी गाउँ कार्यपालिकाको निर्णयले ३ वटा फर्मसँग मात्र माग गर्ने निर्णय गरेकोलेले प्रतिस्पर्धा सीमित हुन पुगेको छ । प्रतिस्पर्धा सीमित हुने गरी खरिद गर्नु उचित होइन ।

४७.३ सम्झौताअनुसार परामर्शदाता फिल्डमा खटिएर गुरु योजना सम्बन्धी प्रतिवेदन तयार गर्नुपर्नेमा फिल्डमा खटिएको प्रमाण संलग्न गरेको छैन । परामर्शदाताले गुरु योजनाको लागत अनुमान रु २८९०५३५९०।०० उल्लेख गरी प्रतिवेदन पेश गरेकोमा उक्त लागत अनुमान कुन आधारमा तयार गरेको नखुलेकोले प्रतिवेदन यथार्थपरक भए नभएको यकिन गर्ने आधार भएन ।

४७.४ सम्झौताअनुसार परामर्शदाताले पेश गरेको ड्राफ्ट रिपोर्टमाथि कार्यालयले सुझाव दिई फाइनल रिपोर्ट तयार गर्नुपर्नेमा परामर्शदाताले दिएको ड्राफ्ट रिपोर्ट नै फाइनल रिपोर्ट मानी भुक्तानी गरेकोले रिपोर्टले कार्यालयको आवश्यकता पूरा गर्छ गर्दैन भन्न सक्ने अवस्था देखिएन । परामर्शदाताको प्रतिवेदनको आधारमा आर्थिक वर्ष २०७५।७६ को कार्यक्रममा गुरु योजना सम्बन्धी बजेट विनियोजन नगरेकोले प्रतिवेदन कार्यान्वयन हुने स्थिति रहेको छैन ।

४८. **भवन निर्माण :–** गाउँपालिकाको ४ नम्बर वडा कार्यालयको भवन निर्माणको लागि उपभोक्ता समितिलाई रु. १७२२०००।०० भुक्तानी गरी खर्च लेखेकोमा निम्न कारणबाट खर्च अनियमित देखिएको छ । १७,२२,०००।००

४८.१ आषाढ महिनाभित्र सम्पन्न गर्न नसकिने योजनाको लागि उपभोक्ता समितिसँग सम्झौता गर्न नहुनेमा २०७५।१।२१ मा सम्झौता गरी २०७५।३।१५ सम्म काम सम्पन्न गर्न कार्यादेश दिएको देखियो । काम गर्नुपर्ने अवधि कम भएको अवस्थामा पनि सम्झौता गरी कार्यादेश दिए तापनि भवन निर्माण कार्य अधुरो रहेको छ । योजना सम्पन्न गर्ने सम्बन्धमा हालसम्म पनि कुनै कारबाही गरी प्रक्रिया अघि बढाएको छैन ।

४८.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७.६ अनुसार उपभोक्ता समितिले खर्चका बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात समितिको बैठकबाट अनुमोदन गराई कार्यालयमा पेश गर्नुपर्नेमा कुनै पनि बिल भरपाई पेश नगरेको अवस्थामा पनि रु. २१५२७२५।५६ को प्राविधिक मूल्यांकन गरेको आधारमा भुक्तानी भएको छ । भुक्तानी गर्दा आयकर ऐन, २०५८ अनुसार कुनै किसिमको कर कट्टी भएको छैन ।

४९. **परामर्श सेवा :–** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागि लागत अनुमान तयार गर्ने आधारहरु तोकिएका छन भने नियम ७२ मा बीस लाख रुपैयाँभन्दा कम रकमको परामर्श सेवा मौजुदा सूचीमा रहेका परामर्शदाताबाट लिखितरुपमा प्राविधिक तथा आर्थिक माग गरी खरिद गर्न सकिने उल्लेख छ । कार्यालयले देहायका कामको लागि परामर्श सेवा खरिद गर्दा लागत अनुमान तयार नगरी गाउँ परिषदले छुट्याएको बजेटलाई आधार मानी प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरी गरेको खरिद कार्य नियम अनुकूल देखिएन । तसर्थ परामर्श सेवामा भएको भुक्तानी नियम अनुकूल देखिएको छैन । १९,९५,७९०।००

| गो.भौ.नं/मिति | कामको विवरण | परामर्शदाताको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| १८/०७५/३/२४ | शहीद पार्कको डिपिआर | नेक्स्ट कन्सल्ट प्रा.लि. | ९,९७,७९०/- |
| १९/०७५/३/२५ | लिफ्ट सिँचाइको सर्बे डिजाइन | सनबृज सोलार | ९,९८,०००/- |

५०. **प्राविधिक परामर्श :–** गाउँपालिकाले सञ्चालन गर्ने योजनाहरुको लागत अनुमान तयार गर्न छनौट भएको परामर्शदाता टीम इन्जिनियरिङ्ग कन्सल्टेन्सीसँग सम्झौता भई रु.१९,०७,४४०।०० भुक्तानी भएकोमा निम्नअनुसार देखिएकोले परामर्श सेवा मितव्ययी र गुणस्तरीय भएको देखिएन । १९,०७,४४०।००

५०.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्दा मन्त्रालयले परामर्श सेवाको लागत अनुमान सम्बन्धी नर्म्स तयार गरेको भए

त्यस्तो नर्म्स, सम्बन्धित परामर्श सेवाको कार्य क्षेत्रगत शर्त र सम्बन्धित सार्वजनिक निकाय वा अन्य सार्वजनिक निकायले चालू वा अघिल्ला वर्षहरुमा सोही प्रकृतिको खरिदमा लागेको वास्तविक खर्चलाई आधार लिनुपर्ने व्यवस्था छ । कार्यालयले परामर्श सेवाको लागि तयार गरेको लागत अनुमानमा उपरोक्त आधारहरु लिएको नदेखिएकोले लागत अनुमान यथार्थपरक र वास्तविकतामा आधारित रहेको भन्न सक्ने अवस्था रहेन । लागत अनुमान तयार गर्दा स्पष्ट आधार लिनुपर्दछ ।

५०.२ सम्झौताका शर्तहरु पूरा गरेपछि सम्झौताअनुसार भुक्तानी गर्नुपर्दछ । परामर्शदाताले स्थलगतरुपमा खटिई लागत अनुमान तयार र उक्त लागत अनुमान प्रचलित खरिद कानुनबमोजिम तयार भए नभएको सम्बन्धमा परीक्षण एवम् मूल्यांकन गरेर मात्र परामर्शदातालाई भुक्तानी गर्नुपर्नेमा सो बेगर नै भुक्तानी गरेको छ । योजना स्थलमा नै खटिई यथार्थपरक लागत अनुमान तयार गर्नुपर्दछ ।

५१. **<u>खेल मैदान निर्माण</u> :–** तातोपानी गाउँपालिका वडा नम्बर ५ श्रीनगरमा खेल मैदान निर्माण गर्न उपभोक्ता समितिसँग रु. ११,८७,५७१।६० को सम्झौता गरेको र रु. ११,९८,३२५।७६ को काम सम्पन्न गरी रु. ९,५०,०००।०० भुक्तानी गरेको सम्बन्धमा निम्न व्यहोरा देखिएकोले भुक्तानी यकिन गर्न सकिएन । ९,५०,०००।००

५१.१ खेल मैदान निर्माणका लागि तयार गरेको लागत अनुमानसँग सम्बन्धित नर्म्स, डिजाइन तथा स्पेसिफिकेसन पेश हुन नआएकोले तयार गरिएको लागत अनुमान भिडान गरी यकिन गर्ने आधार भएन ।

५१.२ खेल मैदान निर्माणको लागि खरिद भएको निर्माण सामग्री (ग्याबियन बक्स तथा जी.आई. तार) रु. ७१९९७९।५० को गुणस्तर परिक्षण नगरी प्रयोग गरेको सम्बन्धमा छानविन गरी गुणस्तर यकिन गर्नुपर्दछ ।

५२. कार्यसञ्चालन निर्देशिका, २०७३ दफा ७.१.१५ मा गाउँस्तरको गोष्ठीमा भत्ता रु. ७००।०० पाउने उल्लेख छ । लक्षित वर्गको लागि कार्यक्रम सञ्चालन गर्न वडा कार्यालयका सचिवहरुलाई पेश्की उपलब्ध गराएको र कार्यक्रम सञ्चालन गरी पेश्की फछ्र्यौट गर्दा गोष्ठीबापतको भत्ता रु. २ हजारसम्म लिएको देखियो । कार्यसञ्चालन निर्देशिका, २०७३ को परिपालना गर्न ध्यान दिनुपर्दछ ।

| सि.नं | गो.भौ./मिति | वडा सचिवको नाम | पे. फ. रकम |
|---|---|---|---|
| १ | १६/०७५/३/३२ | देवराज गिरी | १,००,०००/- |
| | | बलवीर थापा | १,००,०००/- |
| | | मिनबहादुर डाँगी | १,००,०००/- |
| | | उमेशजंग बुढा | १,००,०००/- |
| २ | १७/०७५/३/३२ | जयशंकर चौलागाई | १,००,०००/- |
| ३ | १८/०७५/३/३२ | कालीबहादुर रावत | १,००,०००/- |
| ४ | १९/०७५/३/३२ | तिलकप्रसाद चौलागाई | १,००,०००/- |

**<u>ग्रामीण सडक तर्फ</u>**

५३. लागत अनुमानमा उल्लेखित परिमाणमा अस्वाभाविक परिवर्तन हुने भएमा प्राविधिक पुष्ट्याईंसहित स्वीकृति लिएर मात्र योजना सञ्चालन गर्नुपर्दछ । देहायका ग्रामीण सडक निर्माण गर्दा आइटममा भएको परिवर्तनको सम्बन्धमा कुनै निर्णय नगरी काम गराएको देखियो । प्राविधिक पुस्ट्याईंसहित निर्णय गरी काम गराउनु पर्दछ ।

५३.१ कर्णाली राजमार्गदेखि सनीपातल सामुदायिक वनसम्म ग्रामीण सडकको रु. १९,५५,५५९।००

| आइटम नं | कामको विवरण | शुरुको परिमाण | हाल भएको परिमाण | फरक परिमाण | रकम |
|---|---|---|---|---|---|
| 4.a | Hard soil excavation | २४०२.९४ | ५५३०.२१ | ३१२७.२७ | ६८९७५१ |
| 4.e | Hard rock cutting | २२१.५४ | ४५८.७५ | २३७.२१ | ५७३२२३ |
| 6 | Rubble Dry stone masonry wall | १२३.२० | ० | -१२३.२० | -६९२५८५ |

५३.२ ऐरेनीदेखि हियाखोलासम्म ग्रामीण सडकको रु. २४,२६,१०५।००

| आइटम नं | कामको विवरण | शुरुको परिमाण | हाल भएको परिमाण | फरक परिमाण | रकम |
|---|---|---|---|---|---|
| 2.a | Hard soil excavation | २९६४.९५ | ८७५३.४७ | ५७८८.५० | १२७६७३५ |
| 2.c | Ordinary Rock | २६८४.७५ | १३३.३१ | -२५५१.५० | -१०४१०८७ |
| 2.d | Medium Rock | ६९.८० | २३०.०३ | १६०.२० | १०८२८३ |

५३.३ गाँडापारी हाँकुहुँदै राँकासम्म ग्रामीण सडकको रु. ४१,१५,८८७।००

| आइटम नं | कामको विवरण | शुरुको परिमाण | हाल भएको परिमाण | फरक परिमाण | रकम |
|---|---|---|---|---|---|
| 2.a | Ordinary soil excavation | ९ | १०९२.३८ | १०८३.४० | २३८९५३ |
| 2.b | Hard soil excavation | १०७४१.३० | ३५२०.७२ | -७२२०.६० | -१५९२५९३ |
| 2.c | Ordinary Rock | १४४३.७७ | ५४५.६८ | -८९८.१० | -३६६४४१ |

| | | | | | |
|---|---|---|---|---|---|
| 2.d | Medium Rock | ६७५.२३ | १४६०.९० | ७८५.७० | ५३०९७९ |
| 2.e | Hard rock cutting | २३५.६१ | ८०९.५५ | ५७३.९० | १३८६९२१ |

५३.४ थारमारे दिलोरी ग्रामीण सडकको रु. ५४,८३,३८०।००

| आइटम नं | कामको विवरण | शुरुको परिमाण | हाल भएको परिमाण | फरक परिमाण | रकम |
|---|---|---|---|---|---|
| 2.a | Ordinary soil excavation | १४.६१ | ३०८.३५ | २९४.२० | ६४८८८ |
| 2.b | Hard soil excavation | १२८९९.३४ | ७६०२.१० | -५२९७.२० | -११६८३७५ |
| 2.c | Ordinary Rock | १६२७.९१ | ९६६.३२ | -६६१.६० | -२६९९४४ |
| 2.d | Medium Rock | १५२.६५ | १८४५.६७ | १६९३ | ११४४१८४ |
| 2.e | Hard rock cutting | २३५.६१ | ८०९.५५ | ५७३.९० | १३८६९२१ |
| 3 | Rubble Dry stone Masonry | ७७.८३ | ० | -७७.८३ | -४३७५०३ |
| 4 | Stone filling in gabion boxes | ३९ | २१८.२० | १७९.२० | ६७६१९६ |
| 5 | Gabion boxes 2*1*1 | ५ | १०३ | ९८ | ३३५३६९ |

५३.५ जोगीचौर थाप्ला ग्रामीण सडकको रु. १०,२५,६३४।००

| आइटम नं | कामको विवरण | शुरुको परिमाण | हाल भएको परिमाण | फरक परिमाण | रकम |
|---|---|---|---|---|---|
| 1 | Ordinary soil e/w | ९९०.३० | ३११.४० | -६७८.९० | -१४९७३७ |
| 1 | Hard soil e/w | १०७७.८८ | ३४६८.३२ | २३९०.४ | ५२७२३७ |
| 1 | Ordinary Rock e/w | ६५०.५९ | -१७१.६० | -४७९ | १९५४२८ |
| 1 | Medium Rock | ६८९.३९ | ४६२.६५ | -२२६.७ | -१५३२३२ |

**<u>खानेपानी तर्फः</u>**

५४. लिताकोट बाइराँका खानेपानी योजनाको उपभोक्ता समितिलाई रु. २०,५९,९००।०० भुक्तानी गरेकोमा निम्न व्यहोरा देखिएको रु. २०,५९,९००।००

५४.१ लागत अनुमान बमोजिमको स्रोतको सुनिश्चितता भएपछि मात्र सम्झौता गरी योजना सञ्चालन गर्नुपर्दछ । अनुमान रु.८२,१४,६७५ तयार गरी उपभोक्ता समितिले रु. १६,४२,९३५ व्यहोर्ने र कार्यालयले रु.५७,००,००० व्यहोर्ने गरी सम्झौता गरी कार्यादेश दिएकोमा लागत अनुमानमध्येको बाँकी रु.८,७१,७४० कुन निकायबाट व्यहोरिने हो नखुलाई सम्झौता गरेको छ ।

५४.२ उपभोक्ता समितिले म्यादभित्र काम सम्पन्न गर्न सक्ने अवस्था भएमा मात्र सम्झौता गरी कार्यादेश दिनु पर्दछ । फेरो सिमेन्ट ट्यांकी, कलेक्सन च्याम्बर, ट्रान्समिसन लाइनलगायतको काम गर्न उपभोक्ता समितिसँग २०७५।२।३१ मा काम सक्ने गरी २०७४।१२।१० सम्झौता गरेको देखियो । कामको प्रकृतिअनुसार उक्त अवधिमा काम सम्पन्न हुन सक्ने अवस्था नदेखिएकोमा पनि सम्झौता गरी उपभोक्ता समितिलाई रु.१८,१०,००० पेश्की उपलब्ध गराएकोमा समितिले २०७५ असारसम्ममा रु.२५,७४,९६३ को मात्र काम सम्पन्न देखाई पेश्की फछ्र्यौट गरी रु.१,७८,९०० भुक्तानी गरेको छ । सम्झौताबमोजिमको काम नगर्ने उपभोक्ता समितिलाई जिम्मेवार नबनाई योजना अधुरो राखेको छ । उपभोक्ता समितिलाई सम्झौता अनुसारको काम गर्न लगाई योजना सम्पन्न गर्नुपर्दछ ।

५४.३ लागत अनुमानभन्दा बढी हुने गरी उपभोक्ता समितिलाई भुक्तानी गर्नु हुँदैन । उपभोक्ता समितिलाई देहायको कामको लागत अनुमान भन्दा बढी भुक्तानी गरेकोले असुल गर्नुपर्दछ रु. ३,७०,८९३।००

| सि.नं | कामको विवरण | भुक्तानी दिनुपर्ने | भुक्तानी दिएको | असुल गर्नुपर्ने |
|---|---|---|---|---|
| १ | फेरो सिमेन्ट ट्यांकी निर्माण | ३,७१,०९१ | ६,५९,९७४ | २,८८,८८३ |
| २ | कलेक्सन च्याम्बर निर्माण | १,२५.०६९ | २,०७,०७९ | ८२,०१० |
| | **जम्मा** | **४,९६,१६०** | **८,६७,०५३** | **३,७०,८९३** |

**<u>सिँचाइ तर्फः</u>**

५५. **<u>लिफ्ट सिँचाइ</u>** :– योजनाको सम्भाव्यता अध्ययन तथा विस्तृत सर्वेक्षण र लागत अनुमान तयार गरेपछि मात्र उपभोक्ता समितिसाँग सम्झौता गरी योजना सञ्चालन गर्नु पर्दछ । सम्भाव्यता अध्ययन तथा विस्तृत सर्वेक्षण नगरी लागत अनुमान मात्र बनाई उपभोक्ता समितिसँग कार्यालयले रु. २३,७५,०००।०० र उपभोक्ता समितिले रु. ८,१७,७७९।०० लागत व्यहोर्ने गरी २०७५।२।३० सम्ममा काम सक्न उक्त समितिलाई ९,५०,०००।०० पेश्की उपलब्ध गराएकोमा कुनै काम नगरी पेश्की बाँकी रहेको छ । उपभोक्ता समितिसँग सम्झौता गरेपछि लिफ्ट सिंचाइ योजनाको सम्भाव्यता अध्ययन र विस्तृत सर्वेक्षणका लागि परामर्शदाता सनबृज सोलार नेपाल प्रा.लि. सँग सम्झौता गरी रु. ९९८,०००।०० भुक्तानी गरेको देखियो । सम्भाव्यता अध्ययन र विस्तृत सर्वेक्षण नै नगरी तयार गरेको

लागत अनुमानको आधारमा उपभोक्ता समितिसँग सम्झौता गरी अनावश्यक रुपमा उपभोक्ता समितिलाई पेश्की उपलब्ध गराउने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

**व.उ.शी.नं. ८०१७५७३ ( सशर्त अनुदान शिक्षा तर्फ )**

५६. गाउँपालिका अन्तर्गत माध्यमिक विद्यालय ४ र आधारभूत विद्यालय २४ समेत २८ विद्यालयहरुमा कार्यरत शिक्षकहरुको दरवन्दी प्रमाणित हुने आधारभूत कागजातहरु पेश हुन नआएको तथा विद्यालयगत निकासा खाता नराखेकोले विद्यालयहरुलाई निकासा भएको रकम यकिन गर्न सकिएन । तसर्थ कार्यालयले विद्यालयमा कार्यरत शिक्षकहरुको दरवन्दी प्रमाणित हुने आधारभूत कागजातहरु राख्नु पर्दछ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् :

५६.१ **गो. भौ. नं. ३८।२०७५।३।३१** – शिक्षा कार्यक्रमतर्फ निकासा भएको रु. ६,१६,३१,०००।०० मध्ये रु. ५,९६,९१,०००।०० खर्च भई बचत रहेको रु. १९,४०,०००।०० कोष तथा लेखा नियन्त्रकको कार्यालयमा फिर्ता गर्नुपर्नेमा स्वास्थ्य कार्यक्रमतर्फ गाउँ कार्यपालिकाको मिति २०७५।३।१९ को निर्णय अनुसार खर्च गरेको पाईयो । खर्च नभई बचत रहेको रकम संघीय संचित कोषमा फिर्ता गर्नुपर्नेमा स्वास्थ्य तर्फका कर्मचारीहरुलाई तलव भत्तामा खर्च गरेकोले अनियमित देखिएको छ । १९,४०,०००।०० 

५६.३ **गो. भौ. नं. २२।२०७४।१२।३०** – कालिका आधारभूत विद्यालय, श्रीनगरलाई दोश्रो चौमासिक निकासा माग फाराम अनुसार रु. ५५,४३७।०० मात्र निकासा दिनुपर्नेमा रु. ८३,६१०।०० निकासा दिएकोले बढी निकासा दिएको रकम असुल गर्नुपर्दछ । २८,१७३।००

५६.४ **गो. भौ. नं. २।२०७४।६।२** – कालिका मध्यामिक विद्यालय, टोप्लालाई प्रथम चौमासिक निकासा रु. ८,४४,८२२।०० मात्र दिनुपर्नेमा रु. ८,४८,९७२।०० दिएकोले बढी निकासा दिएको रकम असुल गर्नुपर्दछ । ४,१५०।००

५७. **व.उ.शी.नं. वित्तीय समानीकरण अनुदान शिक्षा तर्फ**

५७.१ **गो. भौ. नं. १०।२०७५।३।२०** – कालिका मा. वि., टोप्लाको घेरावार, मर्मत तथा डेस्क बेन्च निर्माण कार्यको अन्तिम बिलको रु. २६,१२,५००।०० भुक्तानी दिएकोमध्ये रु. ३,६०,०००।०० को डेस्क बेन्च ७२ सेटको भुक्तानी दिएकोमा उक्त डेस्क बेन्चहरु सम्वन्धित विद्यालयको जिन्सी खातामा आम्दानी बाँधेको प्रमाण पेश नभएकोले दाखिला प्रतिवेदन पेश गर्नुपर्दछ । ३,६०,०००।००

५७.२ **गो. भौ. नं. १२।२०७५।३।२४** – जनजागृती मा. वि. ताम्तीको घेरावार, मर्मत तथा डेस्क बेन्च निर्माण कार्यको अन्तिम बिलको रु. ९,५०,०००।०० भुक्तानी दिएकोमध्ये रु. ५,८२,२८२।०० को डेस्क बेन्च २०० सेटको भुक्तानी दिएकोमा उक्त डेस्क बेन्चहरु सम्वन्धित विद्यालयको जिन्सी खातामा आम्दानी बाँधेको प्रमाण पेश नभएकोले दाखिला प्रमाण पेश गर्नुपर्दछ । ५,८२,२८२।००

**कृषि कार्यक्रम तर्फ**

५८. गो. भौ. नं. १६।२०७४।१०।१५ – एक गाउँ एक प्राविधिक कार्यक्रमतर्फ गाउँपालिकामा ३ जना नियुक्त भई कार्यरत रहेको देखिन्छ । तीन जनाको रु. ६६,५१०।०० मात्र खर्च लेख्नुपर्नेमा २०७४ माघ महिनामा ४ जनाको पारिश्रमिक रु. ८८,६८०।०० खर्च लेखेकोले कृषि प्राविधिक श्री धनलाल बुढाको रु. २२,१७०।०० पारिश्रमिक सम्बन्धमा कार्यालयबाटै आवश्यक छानविन गरी रकम असुल गर्नुपर्दछ । २२,१७०।००

५९. **व.उ.शी.नं. ८०१७५७३ ( सशर्त अनुदान स्वास्थ्य तर्फ )**

५९.१ बैंक नगदी किताबअनुसार निम्न गो.भौ.नं. र मितिबाट कट्टा भएको सामाजिक सुरक्षा कर रु. ३२,६५१।८५ सम्बवन्धित राजस्व खातामा दाखिला भएको देखिएन । उक्त रकम असुल गरी राजस्व खातामा दाखिला गरेको प्रमाण पेश हुनुपर्दछ । ३२,६५१।८५

| सि.नं. | गो. भा. नं. र मिति | रकम |
|---|---|---|
| १. | २/२०७४/६/८ | १८,१३३/५६ |
| २. | ५/२०७४/९/११ | १४,५१८/२९ |
| | **जम्मा** | **३२,६५१/८५** |

५९.२ **गो. भौ. नं. १६।२०७४।१०।१५** – विभिन्न मितिमा कट्टा गरेको सामाजिक सुरक्षा कर रु. ३५,०९२।०० सम्बन्धित राजस्व खातामा दाखिला गरेकोमा उक्त दाखिला गरेको रकमको बैंक भौचर पेश भएन । तसर्थ उक्त रकम दाखिला गरेको बैंक भौचर पेश हुनुपर्दछ । ३५,०९२।००

५९.३ स्वास्थ्य सशर्त अनुदानको लागि रु. १,४९,८५,०००।०० विनियोजन तथा निकासा भएकोमा शिक्षातर्फ बचत रहेको रकम सापटी ल्याई स्वास्थ्यतर्फका कार्यरत स्थायी कर्मचारीहरुलाई तलबमा खर्च गरेकोले रु. १,६९,२५,०००।०० कुल खर्च भएको छ । शिक्षा शीर्षकबाट सापटी रु. १९,४०,०००।०० ल्याई खर्च गरेको रकम सापटी फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला हुनुपर्दछ ।

५९.४ तातोपानी स्वास्थ्य चौकीको औषधिको जिन्सी खाता परीक्षण गर्दा देखिएका व्यहोराहरु यस प्रकार रहेका छन् :–

क. स्वास्थ्य सेवा विभागले तोकिदिए अनुसारको क्रममा औषधिहरुको आम्दानी बाँध्नु पर्नेमा सो अनुसार औषधिहरुको आम्दानी तथा खर्चको लेखन गरेको देखिएन ।

ख. स्वास्थ्य सेवा विभागले तोकिदिएअनुसारको ASL ( Authorized Stock Level ) र EOP ( Emergency Order Point ) अनुसारको औषधीहरु स्टक खुलाई राख्नुपर्नेमा सो अनुसार खुलाई राखेको र Emergency Order Point भएपछि औषधीहरु माँग गर्नुपर्नेमा सो अनुसार भए गरेको देखिन आएन । स्वास्थ्य सेवा विभागले तोकिदिएअनुसार गर्न गराउन कार्यालयले ध्यान दिनुपर्दछ । परीक्षण गर्दा देखिएका व्यहोराहरु निम्नअनुसार छन् :–

| सि.नं. | औषधीको नाम | ASL | EOP | कैफियत देखिएका व्यहोराहरु |
|---|---|---|---|---|
| १. | कण्डम | १,२०० | २०० | मिति २०७४।२।५ देखि २०७५।५।५ सम्म शुन्य मौज्दात रहेको । |
| २. | एमोक्सोसिलिन ५०० एम जि | २०,००० | ७,००० | मिति २०७३।९।७ देखि २०७३।११।५ सम्म शुन्य र २०७५।१।३ देखि लेखापरीक्षण अवधि २०७५।५।१७ सम्म शुन्य मौज्दात रहेको साथै वर्षभरी नै EOP लिमिटमा नरहेको । |
| ३. | मेट्रोनिडाजोल ४०० एम जि | १,००० | २०० | मिति २०७३।९।७ देखि २०७३।११।५ सम्म शुन्य मौज्दात रहेको । |
| ४. | पारासिटामोल ५०० एम जि | २०,००० | ५,००० | मिति २०७५।२।५ देखि २०७५।५।५ सम्म शुन्य मौज्दात रहेको साथै वर्षभरी नै EOP लिमिटमा नरहेको । |
| ५. | जीवन जल ( ओ.आर.एस.) | २,००० | ५०० | मिति २०७४।१०।२० देखि २०७५।५।५ सम्म शुन्य मौज्दात रहेको साथै वर्षभरी नै EOP लिमिटमा नरहेको । |
| ६. | आईरन चक्की ६० एम जि | १५,००० | ५,००० | आ. व. २०७४।७५ को वर्षभरी नै EOP लिमिटमा नरहेको । |

**व.उ.शी.नं. ८०१७५७३ ( सशर्त अनुदान नदी नियन्त्रण कार्यक्रम तर्फ )**

६०. **ग्यावियन जालीको प्रयोग :–** उपभोक्ता समितिले खरिद गरेको ग्यावियन जाली प्रयोग गरेको हुनुपर्दछ । निम्न योजनाहरुमा उपभोक्ता समितिले खरिद गरेको ग्यावियन जालीको परिमाणभन्दा योजनामा प्रयोग भएको वा नापी मूल्याङ्कन अनुसार फरक भएको देखिएको छ । प्रयोग हुन बाँकी रहेका ग्यावियन जालीका सम्बन्धमा कार्यालयवाट खोजी गरी आम्दानी जनाउनु पर्दछ भने खरिद नै नगरेको ग्यावियन जाली भएको सम्बन्धमा कार्यालयबाट नै आवश्यक छानविन गर्नुपर्दछ ।

| गो.भा.नं. र मिति | योजनाको नाम | खरिद भएको | | | प्रयोग भएको संख्या | फरक परिमाण | फरक रकम |
|---|---|---|---|---|---|---|---|
| | | संख्या | दर | रकम | | | |
| १०/२०७५/३/१७ | **बाँईराका टापु तटवन्ध निर्माण कार्य** | | | | | | |
| | मेश साईज ३*१*१ | २० | ५,३६७/५० | १,०७,३५०/- | २१ | -१ | -५,३६७/५० |
| | मेश साईज २*१*१ | ४३ | ३,५९९/०५ | १,५४,७५९/१५ | ३७ | ६ | २१,५९४/३० |
| ११/२०७५/३/१८ | **सर्मीपुल तटवन्ध निर्माण कार्य** | | | | | | |
| | मेश साईज २*१*१ | २० | ३,२००/- | ६४,०००/- | १५ | ५ | १६,०००/- |
| १२/२०७५/३/१९ | **चुकेनी तटवन्ध निर्माण कार्य** | | | | | | |
| | मेश साईज ३*१*१ | ४ | ४,८०२/५० | १९,२१०/- | - | ४ | १९,२१०/- |
| | मेश साईज २*१*१ | १०० | ३,२५४/४० | ३,२५,४४०/- | ९८ | २ | ६,५०८/८० |
| १३/२०७५/३/१९ | **बुन्तडी तटवन्ध निर्माण कार्य** | | | | | | |
| | मेश साईज २*१*१ | २३ | २,५९९/- | ५९,७७७/- | - | २३ | ५९,७७७/- |
| | मेश साईज १.५*१*१ | - | - | - | २० | -२० | - |
| १५/२०७५/३/२१ | **खाल्मी टापु तटवन्ध निर्माण कार्य** | | | | | | |
| | मेश साईज २*१*१ | १४ | ३,२००/- | ४४,८००/- | २५ | -११ | -३२,२००/- |
| १७/२०७५/३/२५ | **समालसाँघु पैरठा तटवन्ध निर्माण कार्य** | | | | | | |
| | मेश साईज ३*१*१ | ३५ | ४,७००/- | १,६४,५००/- | २४ | ११ | ५१,७००/- |
| | मेश साईज २*१*१ | ३५ | ३,३००/- | १,१५,५००/- | ४३ | -८ | -२६,४००/- |
| १८/२०७५/३/२५ | **लाछुज्यूला तटवन्ध निर्माण कार्य** | | | | | | |
| | मेश साईज ३*१*१ | १८ | ४,८५०/- | ८७,३००/- | २३ | -५ | -२४,२५०/- |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | मेश साईज २*१*१ | ४५ | ३,६७२/५० | १,६५,२६२/५० | ४९ | -४ | -१४,६९०/- |
| १९/२०७५/३/२५ | **माछा काटीया घट्ट डाँगीवाडा तटवन्ध निर्माण कार्य** | | | | | | |
| | मेश साईज ३*१*१ | ३३ | ४,५२०/- | १,४९,१६०/- | २२ | १० | ४५,२००/- |
| | मेश साईज २*१*१ | ३४ | ३,३९०/- | १,१५,२६०/- | ४९ | -१५ | -५०,८५०/- |

६१. **अनुपातिक कट्टी :–** सार्वजनिक खरिद नियमावली, २०६४को नियम ९७(४) मा उपभोक्ता समितिको योगदानभन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्यांकन प्रतिवेदन प्राप्त भएकोमा सोही अनुरुप स्थानीय निकायबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ। उपभोक्ता समितिमार्फत गराएको निम्न निर्माण कार्यको भुक्तानीमा अनुपातिक कट्टा नभई बढी भुक्तानी भएको रकम असुल गरी संघीय संचितकोषमा दाखिला गर्नुपर्दछ। १,४०,१००।००

| गो.भा.नं. र मिति | योजनाको नाम | भुक्तानी दिएको रकम | भुक्तानी दिनुपर्ने रकम | बढी भुक्तानी रकम |
|---|---|---|---|---|
| | **व.उ.शि.नं. ८०१७५७४ ( सशर्त अनुदान नदी नियन्त्रण कार्यक्रम तर्फ )** | | | |
| १४/२०७५/३/२० | रामीज्यूला तटवन्ध निर्माण कार्य | १,९०,०००/- | १,८४,९००/- | ५,१००/- |
| ११/२०७५/३/१८ | सर्मीपुल तटवन्ध निर्माण कार्य | १,६३,०००/- | १,६२,०००/- | १,०००/- |
| १८/२०७५/३/२५ | लाछुज्यूला तटवन्ध निर्माण कार्य | ७,५१,४००/- | ६,५३,४००/- | ९८,०००/- |
| | **व.उ.शि.नं. ८०१७५७४ ( सशर्त अनुदान शिक्षा तर्फ )** | | | |
| १२/२०७५/३/२४ | जनजागृति मा. वि., ताम्ती | ८,७५,०००/- | ८,३९,०००/- | ३६,०००/- |
| | **जम्मा** | - | - | **१,४०,१००/-** |

**व.उ.शी.नं. ३६५८२२४ (कर्णाली रोजगार कार्यक्रम तर्फ)**

६२. **रकम जम्मा :–** कर्णाली रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७४ को परिच्छेद ३ अनुसार सञ्चालित आयोजनाका कामदारको खातामा ज्याला रकम दाखिला गर्नुपर्ने व्यवस्था छ। निम्न योजनाको रकम भुक्तानी दिएकोमा सम्बन्धित कामदारको खातामा रकम जम्मा नगरी उपभोक्ता समितिको खातामा रकम जम्मा गरेको पाईयो । निर्देशिका बमोजिम आयोजनाका कामदारको खातामा ज्याला रकम दाखिला गर्नुपर्दछ। साथै डिफिड श्रोतको बजेट निकासा नभएको कारण यी योजनाहरु अधुरो रहेकोले अधुरा योजनाहरु समयमा नै सम्पन्न गर्नुपर्दछ।

| सि. नं. | गो. भा. नं. र मिति | आयोजनाको नाम | रकम |
|---|---|---|---|
| १. | ३/२०७५/३/२५ | कान्छी खोला देखि राँका सिमसम्मको ग्रामिण सडक निर्माण कार्य | १८,७९,५००/- |
| २. | | चई खोला देखि सर्कुसम्मको ग्रामिण सडक निर्माण कार्य | १०,३६,६००/- |
| ३. | | स्थानीय सभागृह निर्माण कार्य | १९,६५,६००/- |
| ४. | | गौतमबाँडा देखि नियापानीसम्मको ग्रामिण सडक निर्माण कार्य | २७,५६,६००/- |
| ५. | | शिव मन्दिर देखि कालिका आधारभुत विद्यालयसम्मको ग्रामिण सडक निर्माण कार्य | २२,७०,८००/- |
| ६. | | बाँजाराउल देखि खड्काबाँडासम्मको ग्रामिण सडक निर्माण कार्य | २०,३५,३००/- |
| ७. | | पातरसाँघु देखि बारागाँउसम्मको ग्रामिण सडक निर्माण कार्य | १०,६६,३००/- |
| ८. | | बुन्तडी देखि मछ्यालदेउसम्मको ग्रामिण सडक निर्माण कार्य | २१,१०,१००/- |

६३. **पेश्की :–** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७७ को उप नियम (३) मा उपनियम (२) बमोजिम दिएको पेश्की रकम तोकिएको म्याद भित्र फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। फछ्र्यौट हुन बाँकी पेश्की नियमानुसार फछ्र्यौट हुनुपर्दछ। १२,६३,०००।००

| सि.नं. | पेश्की दिएको मिति | पेश्की लिनेको नाम | पेश्की रकम |
|---|---|---|---|
| | | **व.उ.शि.नं. वित्तिय समानिकरण स्वास्थ्य तर्फ** | |
| १ | २०७४/१२/३० | लामाबगर वर्थिङ्ग सेन्टर ताम्ती स्वास्थ्य चौकी | ३,१३,०००/- |
| | | **व.उ.शि.नं. वित्तिय समानिकरण सिंचाइ तर्फ** | |
| २ | २०७४/११/३० | लिफ्ट सिंचाइ निर्माण उपभोक्ता समिति | ९,५०,०००/- |
| | | **कुल जम्मा** | **१२,६३,०००/-** |

**महिला विकास तर्फ**

६४. गो.भौ.नं. ३।२०७४।१२।२६ – महिला विकास निरीक्षक श्री रीना थापाले कार्यक्रम सञ्चालन गर्दा महिला तथा बालबालिका विभागले तोकेको नर्म्स भन्दा बढी खर्च लेखी कार्यक्रम सञ्चालन तथा अन्य विभिन्न कार्यक्रममा गरेको खर्चहरु बढी भुक्तानी भएको रकम असुल हुनुपर्दछ। १५,२२१।००

**पशु विकास तर्फ**

६५. गो.भौ.नं. ७।२०७४।१०।७ – चन्दननाथ अटोकेयर सेन्टर चन्दननाथ नगरपालिका ४ जुम्लाबाट मोटर साइकल (पल्सर) को रु. २,३९,६००।०० मु.अ.कर समेतमा खरिद गरेकोमा रु. २,५०,०००।०० भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी भएको रकम असुल हुनुपर्दछ। १०,४००।००

| | | |
|---|---|---|
| | **कृषि विकास तर्फ** | |
| ६६. | गो.भौ.नं. १०।२०७५।३।१४ – गाउँपालिकाबाट भएको निर्णय कार्यान्वयन गरिनुपर्दछ। भर्मि कम्पोष्ट मल दिव्या अर्गनिक फर्टिलाइजार मंगलपुर ९ चितवनबाट रु. १४,२५,०००।०० मा ३०,००० के.जी. खरिद गरेकोमा गाउँपालिकाको निर्णयअनुसार किसानहरुसँग प्रति किलो रु. १०।०० का दरले असुल गरी उक्त मल वितरण गर्ने निर्णय गरेको देखिन्छ। उक्त मल किसानहरुलाई वितरण गरेकोमा रु.१०।०० का दरले असुल गरेको नदेखिएकोले उक्त असुल गर्नुपर्दछ। | ३,००,०००।०० |
| ६७. | गो.भौ.न. ७४।२०७४।१२।२५ – करार सेवाबाट नियुक्त गरिएका सव इन्जिनियर श्री सूर्य बहादुर डाँगीलाई मिति २०७४।५।१४ देखि २०७५।२।१० सम्मको बढी भुक्तानी रु. ७५,२१०।०० असुल हुनुपर्दछ। | ७५,२१०।०० |
| ६८. | **इन्धन खर्च :–** कार्यालयले कार्यालयका सवारीसाधन वा अन्य साधनमा इन्धन प्रयोग गर्दा इन्धन लगबुक भर्नुपर्ने व्यवस्था रहेको छ। भौ.नं. १२८ मिति २०७५।३।१ विवेक सप्लायर्स पेट्रोलबाट खरिद गरेको ६०७ लिटर पेट्रोलको लगबुक पेश नभएकोले नियम सम्मत देखिएन। | |
| ६९. | **बिल भरपाइ बेगरको खर्च :–** आर्थिक कार्यविधि नियमावली नियमावली, २०६४ को नियम ३६(३) मा खर्चको बिल भरपाईसहित लेखा राख्नुपर्ने व्यवस्था छ। भौ.नं.३० मिति २०७५।३।२० गते सामुदायिक सिकाई केन्द्र, तातोपानीलाई भुक्तानी दिएकोमा रु. १,४२,५००।०० को बिल भरपाई पेश नभएकोले बिल भरपाई पेश गर्ने अन्यथा असुल गर्नुपर्दछ। | १,४२,५००।०० |
| ७०. | **भवन निर्माण खर्च :–** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा खर्चको बिल भरपाईसहित लेखा राख्नुपर्ने व्यवस्था छ। लछालकृति पैकला सहकारी संस्था लि. लाई भवन निर्माणको बिल भरपाई बेगर भुक्तानी अनियमित देखिएको छ। | २,८५,०००।०० |
| ७१. | **धरौटी तर्फ :–** आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद ८ अनुसार प्राप्त धरौटी रकमको गोश्वारा भौचर उठाई आम्दानी बाँध्नुपर्ने र आर्थिक वर्षको अन्त्यमा मौज्दात रहेको धरौटी रकमको नामनामेसी उल्लेख गरी राख्नुपर्ने व्यवस्था छ। कार्यालयमा यस वर्ष रु. २,१३,७५०।०० बैंक स्टेटमेण्टका आधारमा धरौटी आम्दानी बाँधी मौज्दात रहेको देखाईएको छ। उक्त धरौटीको गोश्वारा भौचर उठाई आम्दानी जनाएको देखिएन। तसर्थ कार्यालयले नियमले तोकेको प्रकृया पुरा गरी आम्दानी बाँध्नुपर्दछ। | |
| ७२. | **आन्तरिक लेखापरीक्षण :** आर्थिक कार्यविधि नियमावलीको नियम ९६.३ मा आन्तरिक लेखापरीक्षणबाट निस्केको बेरुजू अन्तिम लेखापरीक्षण हुनुभन्दा अगाडिनै नियमित गराउनुपर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असुल उपर गर्नुपर्नेमा असुल उपर गरी बेरुजू लगत कट्टा गराउनुपर्ने प्रावधान छ। कार्यालयले आन्तरिक लेखापरीक्षणबाट कायम भएको देहायका बेरुजु लेखापरीक्षणको अवधिसम्म असुल फछ्र्यौट गरेको नदेखिएकोले असुल फछ्र्यौट गर्नुपर्दछ। | १,२७,३९६।०० |
| | १. गो.भौ.नं. ६ बाट बैठकमा उपस्थिति बिना बैठक भत्ता रु. ४८,०००।०० भुक्तानी खर्च लेखेकोले आवश्यक कागजात संलग्न राखी खर्च नियमिति गर्नुपर्ने रु. ४८,०००।०० | |
| | २. गो.भौ.न. १३ बाट संजय रावल स्टोरलाई सामान खरिदको रु.६२,३९५।०० भुक्तानी गर्दा रु. ६१,१९५।०० को मात्र बिल भरपाई रहेकोले रु. १,२००।०० असुल गर्ने र संचार खर्च रु. १,५००।०० समेतको बिल संलग्न नभएकोले असुलगर्ने रु. २,७००।०० | |
| | ३. गो भौ.न. ६१ बाट वडा नं. ५ को बर्थिङ सेन्टर व्यवस्थापनका लागि रु. १,००,०००।०० भुक्तानी गर्दा रु. ८९,५१५।०० को मात्र बिल संलग्न रहेकोले असुलगर्ने रु. १०,४८५।०० | |
| | ४. गो.भौ.नं. १५३ बाट वडा नं. ८ का वडा सचिव श्री काली बहादुर रावतलाई कार्यालय संचालन खर्च रु. १,००,०००।०० भुक्तानी गर्दाको अग्रिम आयकर असुलगर्ने रु. १,१७०।०० | |
| | ५. गो.भौ.नं. ८ बाट वडा कार्यालयको सामान खरिदका लागि रु. ५१,९५०।०० भुक्तानी दिदाको अग्रिम कर असुल रु. ७८०।०० | |
| | ६. गो.भौ.नं. १७७ बाट वडा नं.४ को कार्यालय सामान खरिदका लागि रु. १,११,३५०।०० भुक्तानी दिदाको अग्रिम आयकर असुलगर्ने रु. १,६७०।०० | |
| | ७. गो.भौ.नं. १७७ बाट वडा नं.४ को कार्यालय सामान खरिदका लागि रु. ९७,०००।०० भुक्तानी दिदाको अग्रिम आयकर असुलगर्ने रु. १,४५५।०० | |
| | ८. गो.भौ.नं. १५ बाट सुचना प्रकाशन बापत कर्णाली पत्रिकालाई रु. १,२०,०००।०० भुक्तानी दिदाको अग्रिम आयकर असुलगर्ने रु. १,८००।०० | |

<u>शिक्षा तर्फ</u>

९. गौ.भौ.न. ३० बाट सामुदायीक सिकाई केन्द्र तातोपानीलाई व्यवस्थापन खर्च बापतको रु. १,४२,५००।०० भुक्तानी गर्दा रु. १,३८,९८०।०० को मात्र बिल संलग्न रहेकोले बाकी असुलगर्ने रु ३,५२०।००

१०. गो.भौ.नं. ३२ जनतासेवक आवासीय विद्यालयलाई सार्वजनिक निर्माणबापत रु.१४,२४,०००।०० भुक्तानी दिदा कार्य सम्पन्न प्रतिवेदन रु.१४,०२,३१४।०० पेश भएकोले बढी खर्च लेखेको असुलगर्ने रु. २२,६८६।००

<u>कृषि तथा पशु विकास कार्यक्रम</u>

११. गौ.भौ नं. ६ बाट श्री खेमराज शाहीले विउ विजन र अन्य सामान खरिदका लागि रु. ३,५५,०००।०० भुक्तानी दिदाको अग्रिम कर रु. ५,३२५।०० र ढुवानी खर्च रु. १०,५१०।०० भुक्तानी दिंदाको बहाल कर रु. १,०५०।०० समेत असुलगर्ने रु. ६,३७५।००

<u>महिला तर्फ</u>

१२. गो.भो.नं. ३० बाट श्री रीना थापालाई विभिन्न कार्यक्रम संचालनका लागि रु. २,३४,०००।०० भुक्तानी गर्दा रु. २,३२,७६५।०० को मात्र बिल संलग्न रहेकोले बाकी असुलगर्ने रु. १,२३५।००

१३. गौ.भौ. नं. ५ बाट श्री रीना थापालाई १०८ औ अन्तराष्ट्रिय नारी दिवस मनाउनका लागि रु. ५,४००।०० भुक्तानी गर्दा बिल भरपाई नभएकोले असुलगर्ने रु. ५,४००।००

<u>विद्युत तर्फ</u>

१४. गौ.भौ.नं. १४ बाट गिरिखोला जालपादेवी ग्रामिण विद्युत सहकारी संस्थालाई मेकानिकल तालिमकालागि रकम भुक्तानी दिदाँ पारिश्रमिक कर रु. ३,०२०।०० कट्टी नगरेकोले असुल गर्नुपर्ने रु. ३,०२०।००

१५. गौ.भौ.न १४ बाट कार्यालय प्रयोजनका लागि सामान खरिदका बापत रु. ८०,०००।०० भुक्तानी दिदा अग्रिम कर रु. १,२००।०० कट्टी नगरेकोले असुल हुनपर्ने रु. १,२००।००

१६. गो.भौ नं. १५ बाट कार्यालय प्रयोजनका लागि सामान खरिदका बापत रु. ८०,०००।०० भुक्तानी दिदा अग्रिम कर रु. १,२००।०० कट्टी नगरेकोले असुलगर्ने रु. १,२००।००

<u>लक्षित वर्ग तर्फ</u>

१७. गो भौ .नं. १९ बाट श्री तिलक प्रसाद चौलागाईले क्षमता विकास संचालन गर्दा पारिश्रमिक कर रु. २,७००।०० दाखिला गरेको नदेखिएकोले दाखिला भौचर पेशगर्ने रु. २,७००।००

<u>स्वास्थ्य तर्फ</u>

१८. गो.भौ. नं.२२ बाट अर्ध वार्षिक समिक्षा गोष्ठी संचालन गर्दा पारिश्रमिक कर रु.५८५।०० असुलगर्ने रु. ५८५।००

१९. गो भौ.नं. ३१ बाट भुपेन्द्र पाण्डेले कार्यालय सामान खरिदका लागि रु.३,००,०००।०० भुक्तानी लिएकोमा अग्रिम कर रु. ३,८६५।०० र ढुवानी खर्च रु. २०,०००।०० भुक्तानी गर्दा बहाल कर रु. २,०००।०० कट्टी नगरेकोले असुल गर्ने रु. ५,८६५।००

२०. गो.भौ. नं. ३४ बाट कमल सिह कठायतले अर्ध वार्षिक गोष्ठी र पोशाक भत्ताको रकम भुक्तानी गर्दा पारिश्रमिक कर रु. ३,१५०।०० असुलगर्ने रु. ३,१५०।००

<u>कन्टीजेन्सी तर्फ</u>

२१. गो भौ नं. बाट मा विभिन्न पत्रपत्रिका र छपाइका लागि रु. १,००,०००। भुक्तानी दिदा अग्रिम कर रु. १,५००।०० कट्टी नगरेकोले असुलगर्ने रु. १,५००।००

२२. गो भौ.नं. १३ बाट विविध खर्चबापत रु.६०,०००। भुक्तानी दिदा अग्रिम कर रु. ९००।०० कट्टी नगरेकोले असुलगर्ने रु. ९००।००

७३. **<u>वित्तीय जवाफदेहिता</u> :–** कार्यालयको आन्तरिक व्यवस्थापन, खरिद व्यवस्थापन, वित्तीय व्यवस्थापन र आन्तरिक नियन्त्रण प्रणालीलगायत विषयमा तयार गरिएको वित्तीय जवाफदेहिता सुचकका आधारमा मुल्यांकन गर्दा यो गाउँपालिका सी ग्रेडिङ्गमा परेकोले वित्तीय जवाफदेहिता प्रर्वद्धन गर्न विशेष ध्यान दिनुपर्ने देखिएको छ ।

७४. **<u>बेरुजू</u> :–** गाउँपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु. १५ लाख ८४ हजार, अनियमित बेरुजू रु. १ करोड ३९ लाख ६१ हजार, प्रमाण कागजात पेश नभएको बेरुजू रु. ४५ लाख ४० हजार र पेश्की बाँकी देखिएको रु. १२ लाख ६३ हजारसमेत रु. २ करोड १३ लाख ४८ हजार बेरुजू कायम भएको छ । प्रतिक्रिया प्राप्त भएको छैन ।

| | |
|---|---|
| ७५. | **अनुगमन तथा मूल्याङ्कन :–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ : |
| ७६. | **अद्यावधिक बेरुजु स्थिति :–** तातोपानी गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ : |

| गत वर्षको बेरुजु रकम (रु.) (द्व) | यो वर्ष फछ्र्यौट (द्य) | बाँकी (ऋ द्व.द्य) |
|---|---|---|
| ७,०८,०००/- | ४०,६७१/७० | ६,६७,३२८/३० |

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) (अ) | यो वर्षको सं प.बाट कायम बेरुजु रु. (म) | यो वर्षको कायम बेरुजु रु. (भ) | बाँकी (ङ ऋर्मभ) |
|---|---|---|---|
| ६,६७,३२८/३० | - | २,१३,४८,२५६/३५ | २,२०,१५,५८४/६५ |

उल्लेखित ऐन बमोजिम फछ्र्यौट गर्न बाँकी सम्पूर्ण असुल फछ्र्यौट गरिनुपर्दछ ।

**अनुसूची– १**

## तातोपानी गाउँपालिकाको बेरुजू वर्गीकरण
## २०७४।७५

(रु.हजारमा)

| ीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | |
| | सैदान्तिक | लगती | रकम | सैदान्तिक | लगती | रकम | सैदान्तिक | लगती | रकम | अशुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा |
| ानी गाउँपालिका | ५९ | ३३ | २,१३,४८ | - | - | - | ५९ | ३३ | २,१३,४८ | १५,८४ | १,३९,६१ | ४५,४० | - | - | २,००,८५ |

**अनुसूची- २**

## स्थानीय तह सञ्चित कोष विवरण
## २०७४।७५

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | तातोपानी गाउँपालिका | जुम्ला | ४८,०० | १७,०३,३१ | १३,८६,६० | १२,०१ | ३१,०१,९२ | १६,२८,१७ | ११,४७,५३ | - | २७,७५,७० | ३,७४,२२ |